# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रत्ननगर नगरपालिका, चितवन

## आर्थिक वर्ष २०७५।७६

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं

## *Serving the Nation*
## *and*
## *the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल

# (बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या : २०७६/७७ मिति : २०७६/०३/२७

च.नं : ७७७

श्री रत्ननगर नगरपालिका,

चितवन ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण एने, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(बामदेव शर्मा अधिकारी)

नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई



**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखा परीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७५।७६ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन, नियम समेतको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरी राय सहितको अन्तीम प्रतिवेदनजारी गरिएको छ। प्रतिबेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितब्ययीता, दक्षता र प्रभावकारीता आउने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रर्बद्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ सङ्कलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रबृति देखिएका छन। विकास निर्माणतर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्। स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। गत विगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारबाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो। लेखापरीक्षणको क्रममा स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु। आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु।

२०७७ आषाढ २७ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल


**बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय**

**पत्र संख्या: २०७६।७७** **मितिः २०७६।३।२५**

**च.नं.८२५**

श्री नगर प्रमुखज्यू,
रत्न नगर नगरपालिका,
चितवन ।

विषय : **लेखापरीक्षण प्रतिवेदन** ।

**कैफियत सहितको राय :** हामीले रत्न नगर नगरपालिकाको २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२ लेखापरीक्षणबाट रु.४ करोड ५३ लाख ७१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२८ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५३ लाख ३२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड १९ लाख ६९ हजार र पेश्की रु.५२ लाख ६१ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बीस) यसै साथ संलग्न छ ।

४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी :** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(बामदेव शर्मा अधिकारी)
नायव महालेखापरीक्षक

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिकाअर्न्तगत १६ वडा, ८४ जना नगरसभा सदस्य तथा ६९,५०६ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोषः** आर्थिक वर्ष २०७५/७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

## रत्ननगर नगरपालिका, चितवन,
## एकीकृत आय व्यय विवरण
## २०७५।७६

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | २८,२०६,०१९.२६ | १ | **चालु खर्च** | ४९७,५८९,३५५.९१ | ४९७,५८९,३५५.९१ |
| | क) नगद | ०.०० | | | क) आन्तरिक आय | | |
| | ख) बैंक | २५,९८४,७३८.२२ | | | ख) संघीय सशर्त अनुदान | | |
| | ग) धरौटी आय | ७१८,१०१.२४ | | | ग) संघीय समानिकरण अनुदान | | |
| | घ) विभिन्न कोषतर्फको मौज्दात | १,५०३,१७९.८० | | | घ) संघीय राजस्व वाडफाड | | |
| २ | **राजस्व (आन्तरिक आय)** | | २९१,६१५,६९१.९९ | | ङ) प्रदेश सशर्त अनुदान | | |
| | क) आन्तरिक राजस्व | ८६,८४८,७३६.३० | | | च) प्रदेश समानिकरण अनुदान | | |
| | ख) राजस्व बाँडफाँड सँघ | ७७,९८८,९३६.८९ | | | छ) प्रदेश राजस्व वाडफाड | | |
| | ख) राजस्व बाँडफाँड प्रदेश | २७,२७८,१००.८० | | २ | **पूँजीगत खर्च** | २८९,७५९,२६२.१८ | २८९,७५९,२६२.१८ |
| | ग) मालपोत वाट प्राप्त | ९९,४९९,९१८.०० | | | क) आन्तरिक आय | | |
| | ग) अन्य आय | | | | ख) संघीय सशर्त अनुदान | | |
| ३ | **वित्तीय हस्तान्तरण** | | ४४६,७६१,४४३.२५ | | ग) संघीय समानिकरण अनुदान | | |
| | क) वित्तीय समानीकरण अनुदान | १८०,२००,०००.०० | | | घ) संघीय राजस्व वाडफाड | | |
| | ख) सशर्त अनुदान | २६६,५६१,४४३.२५ | | | ङ) प्रदेश सशर्त अनुदान | | |
| | ग) समपूरक अनुदान | ०.०० | | | च) प्रदेश समानिकरण अनुदान | | |
| | घ) अन्य अनुदान | ०.०० | | | छ) प्रदेश राजस्व वाडफाड | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | ५७,५६७,७२२.२७ | | ज) प्रदेश समपुरक अनुदान | | |
| | क) वित्तीय समानीकरण अनुदान | ९,०१३,०००.०० | | | झ) सडकबोर्ड नेपाल | | |
| | ख) सशर्त अनुदान | ३८,६३३,७२२.२७ | | | ञ) लागत सहभागिता | | |
| | ग) समपूरक अनुदान | ९,९२१,०००.०० | | | | | |
| | घ) विशेष अनुदान | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | ०.०० |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | | क) ऋण भुक्तानी | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | ँ | | ख) ब्याज भुक्तानी | | |
| ७ | **विभाज्यकोष आम्दानी** | | ०.०० | | ग) अन्य भुक्तानी | | |
| ८ | **विभिन्न प्राप्ती** | | ५,३२८,४७७.३० | ४ | सामाजिक सुरक्षा | | ०.०० |
| | क) अन्य आय | ८८७,७६४.३० | | ५ | स्थानीय तह क्षमता विकास | | ०.०० |
| | ख) द्वन्द प्रभावित परिवारलाई सहायता | २८४,०००.०० | | ६ | गरिवसँग विशेश्वर | | ०.०० |
| | ग) सडक बोर्ड नेपाल | | | ७ | स्थानीय पूर्वाधार साझेदारी | २०,८२०,०००.०० | २०,८२०,०००.०० |
| | घ) स्वीस सरकारबाट प्राप्त | ३,२८१,७१३.०० | | ८ | झोलुङ्गेपुल | | ०.०० |
| | ङ) जि.स.समिति | ८७५,०००.०० | | ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,३९६,०२३.०० | १,३९६,०२३.०० |
| ७ | **लागत सहभागिता** | ७,८०९,३४९.५० | ७,८०९,३४९.५० | १० | तराई मधेश संवृद्धि कार्यक्रम | ५,०००,०००.०० | ५,०००,०००.०० |
| ८ | **विभिन्न कोषतर्फको आय** | ३००,९५८.९१ | ३००,९५८.९१ | ११ | संघीय सशर्त अनुदान फिर्ता | ०.०० | ०.०० |
| ९ | **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | | १३५,३५१,४००.१८ | १२ | अन्य खर्च | ८८०,८००.०० | ८८०,८००.०० |
| | क) स्थानीय तह क्षमता विकास. | ३०५,०००.०० | | १३ | राष्टपति चुरे संरक्षण | | ०.०० |
| | ख) सामाजिक सुरक्षा | १०७,८३०,३७७.१८ | | १४ | सञ्चित विदा तथा औषधि उपचार | | ०.०० |
| | ग) गरिवसँग विशेश्वर | ०.०० | | १५ | कोलेनिका फिर्ता | ०.०० | ०.०० |
| | | | | १६ | प्रदेश को.ले.नि.का. फिर्ता | | |
| | घ) स्थानीय पूर्वाधार साझेदारी | २०,८२०,०००.०० | | १६ | **धरौटी फिर्ता** | २,१४१,८८३.०० | २,१४१,८८३.०० |
| | ङ) झोलुङ्गेपुल | ०.०० | | १७ | **कोष खर्च** | ०.०० | ०.०० |
| | च) प्रधानमन्त्री रोजगार कार्यक्रम | १,३९६,०२३.०० | | १८ | **मौज्दात** | | १६३,२६४,४८७.२२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | छ) तराई मधेश संवृद्धि कार्यक्रम | ५,०००,०००.०० | | | क) नगद मौज्दात | ०.०० | |
| | ज) राष्टिय चुरे संरक्षण कार्यक्रम | ०.०० | | | ख) बैंक मौज्दात (अनुदान) | १५९,८०७,६३८.०२ | |
| | झ)सञ्चित विदा तथा औषधि उपचार | | | १९ | ग) नगरपालिका विकास कोष | ३१०,००९.९७ | |
| १५ | **अन्य अनुदान** | | ४,८३४,२५६.४० | २० | घ) धरौटीको बैंक मौज्दात | १,६५२,७१०.४९ | |
| | युनिसेफ नेपाल | २,८९२,५००.०० | | २१ | ङ) लागत सहभागिता | ०.०० | |
| | पर्यटन बोर्ड | ९५०,०००.०० | | | च) कर्मचारी कल्याण कोष | ३९,४२८.७४ | |
| | | ९९१,७५६.४० | | | छ) प्रकोप व्यवस्थापन कोष | ६२४,८५०.०० | |
| | **धरौटी आय** | ३,०७६,४९२.२५ | ३,०७६,४९२.२५ | | ज) मर्मत सम्भार कोष | ८२९,८५०.०० | |
| | **जम्मा :** | ९८०,८५१,८११/३१ | ९८०,८५१,८११/३१ | | जम्मा | ९८०,८५१,८११/३१ | ९८०,८५१,८११/३१ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा विद्यालयलाई बढी निकासा दिएको रु.४,७३,५८४।- असुल भई संघीय सञ्चित कोषमा दाखिला भएको र राजस्व घटी असुल गरेको र उपभोक्तालाई बढी भुक्तानी दिएको समेत जम्मा रु.३,३७,४८१।- र पारिश्रमिक कर असूली रु.२५५१७३।- समेतजम्मा रु.१०६६२३८।- स्थानीय सञ्चितकोष दाखिला भएको छ । | |
| १. | **आय व्याय विवरण :** नगरपालिकाको आर्थिक विवरणले त्यसमा लेखिएको अवधिको आर्थिक कारोबारको यथार्थ चित्रण गर्नुपर्दछ । साथै नगरपालिकाको खाता हिसाव र बैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा पेश हुन आएको एकीकृत आय र व्ययको विवरण अनुसार नगरपालिकाको यसवर्षको आम्दानी रु. ९८०,८५१,८११/३१ र खर्च रु.८१,७५,८७,३२४/०९ तथा बैंक मौज्दात रु.१६३,२६४,४८७/२२ रहेको छ । | |
| २. | **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले मिति २०७२।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको अवस्था छ । जसअनुसार १४२ प्रकारका फाराम विकास भएकोमा ७९ नयाँ फारामहरु र ६३ परिमार्जित फाराम विकास भएको अवस्था छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोभै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस पालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| ३. | **वजेट पेश तथा पारित** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । नगर उपप्रमुख श्री विमला देवी दुवाडीबाट मिति २०७५/०३/१० मा नगरसभा समक्ष चालु तर्फ रु.५७,६८,७४,३७८।– र पूजीगत खर्च रु.३५,७३,५०,९२३।– हुनेगरी जम्मा रु.९३ करोड ४२ लाख २५ हजार ३ सय १ को बजेट पेश गर्नु भएकोमा नगरसभाबाट मिति २०७५/३/१० मा बजेट पारित भएको छ । देखिएकोले समयमै बजेट पारित भएको देखियो । | |
| ४. | **आय व्ययको चौमासिक विवरणः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ मा स्थानीय सरकारले आफ्नो आय व्ययको विवरण चौमासिक रुपमा संघीय सरकारलाई पेश गर्नु पर्ने व्यवस्था छ । सो अनुसार यस नगरपालिकाले आफ्नो आय व्ययको विवरण सघीय सरकारलाई चौमासिक रुपमा पेश गरेको देखिएन । | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** मिति २०७५/०३/१० मा नगरसभाबाट पारित क्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|
| आर्थिक विकास | ६१३१७४४० | ३८२४२६२८ | ५.६७ |
| पूर्वाधार विकास | २४४२५२४१० | २०८४३२४०२ | ३०.८९ |
| सामाजिक विकास | ४२२८४५४५१ | ३९२८७७३९५ | ५८.२३ |
| वातावरण तथा विपद व्यवस्थापन | ३९८२४३७९ | २८३६६६२३ | ४.२० |
| सस्थागत विकास, सेवाप्रवाह र सुशासन | २१८१९१६१ | ६८१३४९१ | १.०१ |
| जम्मा रु. | ७९००५८८४१ | ६७४७३२५३९ | १०० |

उपरोक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास र पूर्वाधारमा क्रमशः ५८.२३ प्रतिशत र ३०.८९ प्रतिशत खर्च रहेको छ ।

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ६. | **पूर्वाधार तर्फको क्षेत्रगत बजेट र खर्चको स्थितिः** नगर सभाबाट पारित वित्तीय समानीकरण पूर्वाधार तर्फको क्षेत्रगत कार्यक्रम र बजेट व्यवस्थापनको स्थिति देहाय बमोजिम रहेको छ । | |

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत (जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|
| सडक पुल | ९७६९७४३७ | ८७२८५८८७ | ३७.७३ |
| खानेपानी | १००००० | ६८१२० | ०.०३ |
| सिंचाई | २७६५५००० | २२४०७२८३ | ९.६९ |
| विद्यालय भवन शौचालय तथा सार्वजनिक भवन | ५५९९९९७३ | ४१३१९५६७ | १७.८६ |
| भु क्षय, वन, वातावरण र विपद व्यवस्थापन | ३९८२४३७९ | २८३६६६२३ | १२.२६ |
| अन्य | ६१९१२००० | ५१८८७९८१ | २२.४३ |
| जम्मा | २८३१८८७८९ | २३१३३५४६१ | १००.०० |

उपर्युक्त विवरण अनुसार नगरपालिकाले भौतिक पूर्वाधार तर्फको बजेटबाट सार्वजनिक सडक निर्माण, खानेपानी, सिचाई, विद्यालय तथा सार्वजनिक भवन निर्माण, भू क्षय वन तथा वातावरण अन्यमा क्रमशः ३७.७३%, ०.०३%, ९.६९%, १७.८६%, र १२.२६% र २२.४३% बजेट व्यवस्था गरी खर्च गरेको छ ।

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ७. | **चौमासिक खर्च :** नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । | |

| ब.उ.शि.नं. | कूल खर्च | | कुल खर्च | | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| न.पा. सवै शीर्षक जम्मा | ३५८३५०९२३ | २८४७६८७८ | ३८७६१७२० | २९१११२३२४ | २०७४४७२०३ |
| प्रतिशत | १०० | ७.९५ | १०.८२ | ८१.२४ | ५७.८९ |

प्रस्तुत विवरण अनुसार कार्यालयबाट तेस्रो चौमासिकमा ८१.२४ प्रतिशत र आषाढ महिनामा मात्र ५७.८९ प्रतिशत रकम खर्च भएको छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा जोखिमका क्षेत्रहरु बढ्न सक्ने, अनुगमन र गुणस्तर नियन्त्रणमा कठीनाई हुने तथा कामको गुणस्तरमा समेत नकारात्मक प्रभाव पर्न सक्ने भुक्तानी सन्तुलनमा समेत असर पर्ने हुँदा यस्तो अवस्थामा सुधार गरी खर्च प्रणालीलाई तोकिए बमोजिम व्यवस्थित बनाउनु पर्दछ ।

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ८. | **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको ।<br>• नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>• नगरपालिकामा समयोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।<br>• कतिपय कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।<br>• नगरपालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।<br>• सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>• बेरुजुको लगत अद्यावधिक गरेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>• मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ९. | **न्यायिक समिति र न्याय सम्पादन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार नगरपालिकाको उप-प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ :<br>दर्ता भएका विवाद (गत वर्षको जिम्मेवारी समेत): ३३० \| फछ्र्यौट भएका विवाद: २६६ \| फछ्र्यौट हुन बाँकी विवाद: ६४<br>उपर्युक्त विवरणअनुसार प्राप्त विवादमध्ये २२ प्रतिशत विवादमात्र निरुपण गरेको देखिएको छ । अतः दर्ता भएका विवादहरुको समयमै निरुपण तथा फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १०. | **कानून निर्माण र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । नगरपालिकाले २६ वटा कानुन तर्जुमा गरी कार्यान्वयन गरेको छ । पालिकाको लागि आवस्यक कानूनहरु पहिचान गरी तर्जुमा गर्नु पर्दछ । | |
| ११. | **योजना परिवर्तन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्यन तालिका र अनुगमन मूल्याँकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । प्रस्तावित योजनाहरु नगरसभाबाट पारित हुनु पर्दछ । नगरसभाबाट पारित भएका योजनाहरु कार्यान्वयन गरी निर्धारित समयमै सम्पन्न गर्नु पर्नेमा नगरी कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट योजना थप तथा परिवर्तन गरी कार्यान्वयन गरेको पाईयो । आयोजनाको संभाव्यता अध्ययन गरी योजना तर्जुमा गर्ने र पारित भएका योजनाहरु कार्यान्यनमा ल्याउने व्यवस्था मिलाउनु पर्नेमा नगरपालिकाले सम्भाव्यता अध्ययन नगरी योजना छनौट गरेको र कार्यान्वयन तालिका तयार नगरेको कारण समयमा कार्यान्वयन हुन नसकेका देहायका रु. २,०१,८६,०००।- का योजना कार्यपालिकाको निर्णयले परिवर्तन गर्नु परेको अवस्था देखिएको छ । सोसमेत रु. १,२६,१७,११२।- का २४ वटा योजना अधुरो रहेको विवरण प्राप्त भएको छ । ऐनमा भएको व्यवस्था अनुसार योजना छनौट तथा कार्यान्वयन तालिका समेत तयार गरी छनौट भएको योजना सम्पन्न गर्ने तया सभाले पारित गरेका योजना कार्यपालिकाले परिवर्तन गर्ने कार्य निरुत्साहित गर्नु पर्दछ । | |

| कार्यपालिकाको निर्णय मिति र नं. | हटांएको योजना संख्या | रकम | नया योजना संख्या | रकम |
|---|---|---|---|---|
| २०७५/९/२७/१९ | ३३ | ५६४३००० | ३० | ५६४३००० |
| २०७५/१०/८/१७ | ३ | ३७५००० | १ | ३७५००० |
| २०७५/११/२९/१२ | १ | ३००००० | १ | ३००००० |
| २०७५/११/२९/३० | १ | ९६००००० | ४ | ९६००००० |
| २०७६/२/१०/१ | १३ | १५९०००० | ९ | १४८०००० |
| २०७६/२/१९/१ | ५ | ३९०००० | ३ | २४६००० |
| २०७६/२/१९/१२ | १ | ८००००० | १ | ८००००० |
| २०७६/३/९/६ | ५ | १४८८००० | ४ | १४८८००० |
| जम्मा | ६२ | २०१८६००० | ५३ | १९९३२००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| १२. | **प्रगतिको स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरीय तथा वडास्तरीय आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समयवीच तादात्म्यता मिलाई वित्तीय र भौतिक प्रगति समेत देखिने गरि प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| १३. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा नगर सभाका पदाधिकारी तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । सोही व्यवस्था अनुसार प्रदेश नं. ३ को प्रदेश सभाबाट पारित भई मिति २०७५ बैशाख १० को प्रदेश राजपत्रमा स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सभाका सदस्यहरु आफू निर्वाचित भई पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम शुरु गरेको मितिदेखि अनुसूचि-१ बमोजिमको सुविधा पाउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्थाअनुसार नगरपालिकाबाट यस वर्ष देहायबमोजिम रु.१,३०,९७,८५२।- सुविधा वापत भुक्तानी भएको छ । | |

| विवरण | प्रमुख | उप प्रमूख | वडा अध्यक्ष १६ जना | कार्यपालिका सदस्य ८ जना | वडा सदस्य ५८ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| वार्षिक सुविधा | ४२०००० | ३६०००० | ३६७५८५२ | ८१८००० | ४०३२००० | ९३०५८५२ |
| सञ्चार सुविधा | ३६००० | २४००० | ३८४००० | ४८००० | ३४८००० | ८४०००० |
| वैठक भत्ता | | | ५७६००० | २८८००० | २०८८००० | २९५२००० |
| **वार्षिक कुल जम्मा** | | | **४६३५८५२** | **११५४०००** | **६४६८०००** | **१३०९७८५२** |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| १४. | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजले सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा साविकका गाउँविकास समिति तथा नगरपालिका तर्फका कर्मचारी कल्याणकोषको रु.१५,३८,४६९।८३ मौज्दात रहेकोमा यो वर्षको व्याज आम्दानी रु.१,१२८।१२ समेत जम्मा रु.१५,३९,५९७।९५ आम्दानी भएकोमा रु.१६९।२१ खर्च भई रु. १५,३९,४२८।७४ मौज्दात रहेको देखिन्छ । सो मध्ये आ.व.२०७०।७१ मा नगरपालिकालाई उक्त खाताबाट रु. १५,००,०००।- सापटी दिएको रकम हालसम्म फिर्ता गरेको छैन । ऐनले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था गरेको भएतापनि सो अनुसार रकम जम्मा गरेको देखिएन । ऐनमा भएको व्यवस्था पालना गरी कोष व्यवस्थापन गर्नु पर्दछ । | |
| १५. | **सेवा प्रवाहः** नगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयक बाट प्राप्त जानकारी अनुशार यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह भएको देखिन्छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |
| १ | जन्म दर्ता | १९२८ |
| २ | मृत्यू दर्ता | २३२ |
| ३ | बसाईंसराईं दर्ता | २३८ |
| ४ | बिबाह दर्ता | ४५१ |
| ५ | सम्बन्धविच्छेद दर्ता | २० |
| | **अन्य सिफारिस** | |
| ६ | घरबाटो सिफारिस | ३५४० |
| ७ | नागरीकता सिफारिस | २५७९ |
| ८ | अन्य सिफारीस | २०६६० |
| | **पूर्वाधार विकास सडक निर्माण** | उपलब्ध नभएको |
| ९ | सडक पिसिसि ढलान तथा नाला निर्माण (मि.) | |
| १० | सडक मर्मत सम्भार (कि.मि.) | |
| ११ | नयाँ ट्रयाक खोलिएको (कि.मि) | |
| १२ | कालोपत्रे (कि.मि) | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| १६. | **डीपीआर तयार नगरी योजना कार्यान्वयनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा गाउंपालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा साधन श्रोतको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजनाको कार्यान्वयन तालिका र अनुगमन तथा मूल्यांकन योजना समेत तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तयार गरेका अधिकांश बार्षिक योजनाका सम्भाव्यता अध्ययन नभएको र योजना कार्यान्वयन तालिका एवं अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन । योजनाको सम्भाव्यता अध्ययन नहुंदा र अनुगमन तथा मूल्यांकन योजना तयार नहुंदा योजनाले दिने प्रतिफल तथा प्रभावकारी कार्यान्वयनमा असर पर्दछ । योजनाको उद्देश्य प्राप्तिको लागि योजनाको सम्भाव्यता अध्ययन गराएर छनौट गर्ने तथ कार्यान्वयन स्थितिको अनुगमन तथा मूल्यांकन योजना बनाई प्रभावकारी कार्यान्वयन हुनुपर्दछ । | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| १७. | **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगर सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| सि.नं. | योजना को प्रकार | संख्या |
|---|---|---|
| १. | रु. १ लाख सम्म | १३५ |
| २. | रु. १ देखि २ लाख सम्मका | ९३ |
| ३. | रु. २ देखि ३ लाख सम्मका | ५६ |
| ४. | रु. ३ देखि ४ लाख सम्मका | १९ |
| ५. | रु. ४ देखि ५ लाख सम्मका | ३८ |
| ६. | रु. ५ देखि १० लाख सम्मका | ३४ |
| ७. | रु. १० लाख देखि ५० लाख सम्मका | ५७ |
| ८. | रु. ५० लाख भन्दा माथिका | १० |
| | जम्मा | ४४२ |

| | | |
|---|---|---|
| | उपरर्युक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. ५० हजारदेखि रु.२ करोड सम्मका जम्मा ४४२ वटा योजना संचालन गरेकोमा ५ लाखभन्दा मुनिकामात्र ३३३ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागतप्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थासमेत विचार गरी योजना छनौट गर्नु पर्दछ । | |
| १८. | **आर्थिक सहायता :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र कार्य गर्ने आवश्यक पेर्ने ऐन, नियम, निर्देशिका, कार्यविधि बनाई स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले यस प्रकारको कुनै पनि कानून तथा कार्यविधि बेगर विलभरपाईका आधारमा स्थानीय उद्दार, राहात तथा पुनःस्थापना, विपन्न वर्गलाई औषधि उपचार लगायतकाका कार्यमा आर्थिक सहायता उपलव्ध गराएको छ । यसरी खर्चको विल भरपाई राखी विभिन्न मितिको कार्यपालिकाको निर्णय अनुसार रु.५,०००।- देखि रु.५०,०००।- सम्मको दरले रु.१३,३६,०००।- आर्थिक सहायता वितरण गरेको छ । यस्ता अनुत्पादक प्रकृतिका खर्चहरु नियन्त्रण गर्नु पर्दछ | |
| १९. | **उपभोक्ता समितिबाट भएको कार्यः** यो वर्ष नगरपालिकाले विभिन्न २१,०६,८२,०००।– लागत अनुमान रहेका ३२० योजनाहरु उपभोक्ता मार्फत कार्यान्वयन गरी रु.१६,४२,९०,०००।- उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिन्छ । उपभोक्ता समिति मार्फत गराएको कामको सम्वन्धमा देखिएको व्यहोरा निम्न छन् : | |
| १९.१. | **उपभोक्ता समिति दर्ता** – संस्था दर्ता ऐन, २०३४ दफा ३ अनसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यस वर्ष विभिन्न निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता भएको पाइएन । उक्त समितिहरु स्थानीय स्तरमा आयोजनाको बजेटको आधारमा अस्थायी रुपमा गठन हुने र काम सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण सम्पन्न आयोजनाहरु सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिनाइ हुने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| १९.२. | **मर्मत सम्भार कोष** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही | |

| कार्यालयः रत्ननगर नगरपालिका, चितवन | | आ.व.२०७५।७६ |
|---|---|---|
| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
| | समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ । साथै नगरपालिकाले विभिन्न आयोजना/कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौताको शर्तमा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिको हुने उल्लेख नभएकोले सम्पन्न आयोजनाको मर्मत सम्भार लगायत दीगो पनाको सम्वन्धमा आस्वस्त हुने स्थिति रहेको छैन । उपभोक्ता समितिहरुले सम्पन्न योजनाको मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ । | |
| १९.३. | **हेभी इक्विपमेण्टको प्रयोग –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिकाले लागत अनुमान तयार गर्दा नै मेशिनबाट कार्य गर्ने गरी लागत अनुमान तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरेको छ । सञ्चालित सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी कार्य गराएकाले निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावलीको पालना गरेको देखिएन । | |
| १९.४. | **निर्माण कार्यको गुणस्तर –** नगरकार्यपालिका कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न ढलान गरेका कामको कंक्रिट क्यूब टेष्ट गराउने गरेको भएतापनि सीमेन्ट तथा स्याण्ड मोर्टारमा गाह्रो लगाउने ग्याबियन बक्सको कार्य जस्ता कार्यमा प्रयोग हुने निर्माण सामग्रीको गुणस्तर परीक्षण गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक व्यवस्था हुनुपर्दछ । | |
| १९.५. | **जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, पार्क निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । | |
| १९.६. | **लागत सहभागिता**: सार्वजनिक खरिद नियमावलीको व्यवस्था अनुसार नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको पाइएन । | |
| | **पूँजिगत तर्फ** | |
| २०. | **आनुपातिक कट्टी नगरेको** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समितिको विल भुक्तानी गर्दा जन सहभागिताको अंश कट्टा गरी भुक्तानी दिनु पर्ने उल्लेख छ । देहायका उपभोक्ता समितिको कार्य सम्पन्न प्रतिवेदन पेश गरी अन्तिम बिल भुक्तानी गर्दा सम्झौतामा उल्लेख भएको भन्दा कम काम भएको अवस्थामा उपभोक्ता अंश आनुपातिक रुपमा कट्टा गरी भुक्तानी दिनुपर्नेमा उपभोक्ता अंश कम कट्टा गरी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु ३२१६२९। सम्वन्धित उपभोक्ताबाट असुल गर्नु पर्ने रु | ३,२१,६२९/- |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| भौ.नं. र मिति | योजनाको नाम | संभौता रकम | उपभोक्ता अंश | कार्य सम्पन्न रकम | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४७०/०७६/३/३१ | भक्तिनि बगैचा देखि ट्रान्समिटर चोक सम्म नाला निर्माण | ४७८७३१ | ९०७३१ | २८०३३२ | २२७२०२ | २८०३२२ | ५३१२० |
| ४६१/०७६/३/३१ | उच्च स्तरीय वाटो ग्रावेल, रत्ननगर १२ धधौली मार्ग | २४१२२२ | ९१२२७ | १००१८८ | ६१५७८ | १००१८८ | ३८६१० |
| ४५८/०७६/३/८ | हात्तिसार शिवालय चोक सामुदायिक भवन निर्माण | २३२५६४ | ३८५६४ | १९५४५५ | १६३०४४/- | १९४००० | ३०९५५ |
| १०३/०७५/११/१२ २१७/०७६/२/१२ | ओम लामिछानेको घर अगाडी देखि हातेमालो चोक सम्म पिच | २९३२८६१ | ६३२८६१ | २८६३८६१ | २१७६८८९ | २२३१००० | ५४१११ |
| १७७/०७६/१/२३ ३४३/०७६/३/१६ | दुर्गा सरस्वती मन्दिर देखि मोहना जोड्ने चिचिरिया सम्म कालोपत्रे(कन्टिन्जेन्सी रकम रु ३४८३३। समेत भुक्तानी) | ५२५५७९९ | १३७५७९९ | ५२५५७९९ | २८८०००० | २९१४८३३ | ३४८३३ |
| ७/१५ | वृद्धटोल कालोपत्रे निर्माण स्थानीय पूर्वाधार कार्यक्रम | ८१३५६१४ | ८१५६१४ | ७९१६०१४ | ७३२००६५ | ७४३००६५ | ११०००० |
| | जम्मा | | | | | | ३२१६२९ |

२१. **उपभोक्ता विल वेगर भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समितिको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । कार्यालयले भौ.नं. ४६५ मिति २०७६।३।३१ बाट लालपर्सा चोक देखि दक्षिण कालोपत्रे कार्यको उपभोक्ता समितिलाई रु ५०००००। भुक्तानी गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक मुल्यांकन सहितको विलभर्पाई बेगर भुक्तानी गरेको देखिएको हुंदा प्राविधिक मुल्यांकन सहितको विलभर्पाई पेश हुनु पर्ने रु — ५,००,०००/-

२२. **सोझै खरीदः-**सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार वीस लाखसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आव्हान गरि प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सक्ने व्यवस्था छ । त्यस्तै गरी नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु. ५ लाख भन्दा बढिको निर्माण कार्य वा मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष वार्षिक खरिद योजना नवनाई विभिन्न आपूर्तिकर्तावाट फर्निचर तथा फिक्सचरमा रु.२३,८७,५६४।- र कम्प्यूटर, ल्यापटप, प्रिन्टरमा रु २४,९५,११७- विभिन्न मितिमा पटक पटक सोझै खरिद गरेको पाइयो । वर्ष भरी आवस्यक पर्ने यस्ता सामानको खरिद प्याकेज वनाई सिलवन्दी दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेमा सोझै खरिद गर्नु नियमसम्मत नदेखिएको रु. — ४८,८२,६८१/-

| भौ.नं. मिति | आपुर्तक | भुक्तानी रकम |
|---|---|---|
| फर्निचर खरिद | | |
| ४-२०७५/५/२९ | जोशी फर्निचर उद्योग | १०१७०० |
| १४-२०७५/६/२४ | नेपो फिनिसिंग इन्डस्ट्रिज | ६१०९० |
| २२-२०७५/७/८ | उषा फर्निचर उद्योग | २५९९९ |
| २४-२०७५/७/८ | नेपो फिनिसिंग इन्डस्ट्रिज | ६९४९५ |
| ५१-२०७५/८/२६ | प्लानेट इन्टरनेशनल | २०८३७२ |
| ५४-२०७५/८/२८ | गणेश इन्टरप्राइजेज | ६४६२४ |
| ५९-२०७५/९/११ | नेपो फिनिसिंग इन्डस्ट्रिज | १०९८३६ |
| ११४-२०७५/११/२२ | ए वन इन्टरनेशनल | ११०४०१ |
| १२३-२०७५/११/२८ | रोशनी होम डेकोर | १५५१७५ |
| १२४-२०७५/११/२९ | विजि इटालियन फर्निचर उद्योग | १९४८२५ |
| १५६-२०७६/१/१७ | नारायणी फर्निचर उद्योग | ८४००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १६५-२०७६/१/१७ | नारायणी फर्निचर उद्योग | १६२५४८ |
| १८७-२०७६/१/२८ | श्रेष्ठ फर्निसिंग | ४४५३९ |
| ३४१-२०७६/३/१६ | नेपो फिनिसिंग इन्डस्ट्रिज | ४९९९०७ |
| ४२१-२०७६/३/२८ | प्लानेट इन्टरनेशनल | ४९५०५३ |
| | जम्मा | २३८७५६४ |
| मेशिनरी औजार (कम्प्यूटर,ल्यापटप, प्रिन्टर) | | |
| १-२०७५/५/१९ | टाइम अफिस अटोमेशन प्रा.ली | ११०००० |
| ८-२०७५/६/११ | ड्रिम टेक नेपाल प्रा.ली | ३२७९९९ |
| १२-२०७५/६/२४ | स्काईल्याण्ड इन्टरनेशनल प्रा.ली | ६५००० |
| १३-२०७५/६/२४ | स्काईल्याण्ड इन्टरनेशनल प्रा.ली | १२५००० |
| २१-२०७५/६/२८ | फेशवुक कम्प्यूटर सप्लायर्स | ६६२०० |
| ५२-२०७५/८/२६ | सिजल कम्प्यूटर | २४४२५ |
| ५७-२०७५/९/९ | सिजल कम्प्यूटर | ७९७९९ |
| ७३-२०७५/१०/१ | स्काईल्याण्ड इन्टरनेशनल प्रा.ली | ५२५०० |
| ८०-२०७५/१०/११ | फेशवुक कम्प्यूटर सप्लायर्स | ९०००० |
| ९५-२०७५/११/३ | सिजल कम्प्यूटर सप्लायर्स | ७४८०० |
| ९६-२०७५/११/३ | सिजल कम्प्यूटर सप्लायर्स | ४३०३९४ |
| १०२-२०७५/१११० | स्काईल्याण्ड इन्टरनेशनल | ३१८००० |
| १०९-२०७५/११/२२ | फेशवुक कम्प्यूटर सप्लायर्स | १२९००० |
| ११०-२०७५/११/२२ | फेशवुक कम्प्यूटर सप्लायर्स | ८९००० |
| ११२-२०७५/११/२२ | फेशवुक कम्प्यूटर सप्लायर्स | ४०००० |
| ११३-२०७५/११/२२ | फेशवुक कम्प्यूटर सप्लायर्स | ४०००० |
| १३१-२०७५/१२/४ | फेशवुक कम्प्यूटर सप्लायर्स | १४६००० |
| १३५-२०७५/१२/४ | डि.टि टेक्नोलोजी | २८७००० |
| जम्मा | | २४९५११७ |
| कुल जम्मा | | **४८८२६८१** |

२३. **हयुम पाइप खरिदः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख सम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउ पत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । त्यसैगरी सोही नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्न पर्दा खुला वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष सबै वडा कार्यालयहरुको लागी विभिन्न साइजका हयुम पाइप खरिद गरि हस्तान्तरण गरेको पाइयो । यसरी किनेका ह्युम पाइपहरु वार्षिक खरिद योजना बनाएर खरिद गरेको छैन । नगरपालिकाबाट खरिद गरिएका हयुम पाइपहरुको एकमुष्ट लागत अनुमान तयार नगरी पाँच लाख भन्दा घटीका विभिन्न प्याकेज वनाइ खुला कोटेशनको माध्यमवाट सोझै खरिद गरी वडा कार्यालयहरुमा हस्तान्तरण गरेको छ । यसरी वडा कार्यालयमा हस्तान्तरण गरेका हयुम पाइप कुन कुन स्थानको लागि खरिद गरिएको हो र कहाँ कति परिमाणमा प्रयोग भए सो खुल्ने विवरण एवं कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन । यसरी पाँच लाख भन्दा घटीका प्याकेज वनाई सोही वमोजिम लागत अनुमान तयार गरेर हयुम पाइप खरिद गरी वडा कार्यालयहरुमा हस्तान्तरण गरेको आधारमा कार्य सम्पन्न गरेको देखाइनुलाई उचित मान्न सकिएन । जुन स्थानको लागी जति आवस्यक पर्ने हो सोही अनुसार लागत अनुमान तयार गरेर खरिद गरी निर्माण/मर्मत सम्पन्न गरेर मात्र कार्य स्वीकार/कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने देखिएकोले उपरोक्त खरिद कार्य नियम सम्मत नदेखिएको रु............ १०,२५,०२६/-

| भौ.नं. मिति | आपूर्तिकर्ता | खरिद विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ११५-२०७५/११/२३ | अक्युट नेपाल प्रा.ली | वडा नं १५ | ३००००० |
| २१३-२०७६/२/१० | अक्युट नेपाल प्रा.ली | वडा नं १४ | १००००० |
| २२८-२०७६/२/१६ | अक्युट नेपाल प्रा.ली | वडा नं ५ | १५०००० |
| ३८४-२०७६/३/२४ | अक्युट नेपाल प्रा.ली | वडा नं १० | १७४६०० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ४११-२०७६/३/२७ | अक्युट नेपाल प्रा.ली | वडा नं ३ | ३००४२६ |
| | | | १०२५०२६ |

२४. **पुरानो नर्म्स प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सो अनुसार नगरपालिकाले सडक विभागले स्वीकृत गराएको सडक तथा पुल सम्वन्धि २०७२ मा जारी गरेको नर्मस प्रयोग गरेको छ । उक्त नर्मस परिमार्ज गरी २०७५।४।२५ मा नेपाल सरकारबाट स्वीकृत भई सकेकोमा नगरपालिकाले परिमार्जित नर्म्स प्रयोग नगरी पुरानै नर्म्सको आधारमा सडक निर्माण सम्वन्धी कार्यको लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराएको दखियो । लेखापरीक्षणको क्रममा तीनवटा सडक कालोपत्रे गर्ने कार्यको दर नया नर्मससँग तुलना गर्दा निम्नानुसार रु.१,८६,९१९ वढि उपभोक्ता समितिलाई भुक्तानी भएको देखिएकोले नगरपालिकालाई थप व्ययभार परेको देखियो रु..... १,८६,९१९/-

| **कामको विवरण** | **इकाई** | **परिमाण** | **कार्यालय को दर** | **नयाँ नर्मस राख्दा हुने दर** | **फरक रकम** |
|---|---|---|---|---|---|
| **प्रगति मार्ग सीसल सडक कालोपत्रे** | | | | | |
| प्राईम कोट गर्ने काम | लि. | ३३०० | १३१.८ | १०९.३७ | ७२३६४.८९ |
| ट्यक कोट गर्ने काम | लि | २४७५ | १५३.४२ | १०२.९९ | १२४८०८.१० |
| अस्फाल्ट कंक्रिटिङ | घ.मी | ७४.२५ | १४९६८.३३ | १५१०६.४३ | (१०२५३.६६) |
| | | | | **जम्मा** | **१८६९१९.३३** |

**सशर्त कार्यक्रम**

२५. **शिक्षकको अभिलेख :–** शिक्षा नियमाबली, २०५९ को परीच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ । जसअन्तर्गत बुँदा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती बा बढुबाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी बिद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य बिबरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले नियमाबलीमा व्यवस्था भएबमोजीमको काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका शिक्षक सम्बन्धी अध्यावधिक अभिलेख राखेको पाईएन । त्यस्तै विद्यालयगत शिक्षकको नामनामेसि सहितको अभिलेल अध्यावधिक नगरेको, स्थानिय तह भित्रका सार्वजनिक विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न अनुगमन गरेतापनि प्रतिवेदन तयार नगरेको कारण दोहोरो निकासा हुन सक्ने, दरबन्दी भन्दा बढी शिक्षकहरुको तलब विद्यालयमा निकाशा हुन सक्ने, तथा शिक्षकहरुको समग्र व्यवस्थापन गर्न कठिन हुन जान्छ । तसर्थ नियमाबलीको परीपालना गरि शिक्षक सम्बन्धी अभिलेखको उचित व्यबस्थापनमा ध्यान जानुपर्ने देखिन्छ ।

२६. **बढी निकाशा** शिक्षकहरुको तलव भत्ता विद्यालय खातामा निकाशा दिंदा विद्यालय शिक्षक किताबखानावाट पारित भएको तलव ग्रेड विद्यालयवाट प्राप्त चौमासिक माग फारामसंग भिडान गरी निकाशा दिनु पर्दछ । लेखापरीक्षणको क्रममा नगरपालिका भित्रका विद्यालयहरुले पेश गरको शिक्षकहरुको तलवी मागफाराम मध्ये नमुना छनौटको आधारमा केहि विद्यालयहरुको तलवी मागफाराम र भौचर नं ४,५६,१०८,१५८ र २८८ बाट विद्यालयमा गएको निकाशा परीक्षण गर्दा चौमासिक माग फाराममा उल्लेख भएको भन्दा वढी निकाशा दिएको देखिएकोमध्ये लेखापरीक्षणको क्रममा तीन विद्यालयलबाट रु ४,७३,५८४।- र लेखापरीक्षण पश्चात २ विद्यालयबाट रु. ६५,२२३।- असुल गरी राजश्व खातामा दाखिला भएको छ । **भद्रकाली माध्यमिक विद्यालय**लाई देहाय अनुसार वढी निकाशा दिएको रु ७४,३४०।- असुल गरेको नदेखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु....... ७४,३४०/-

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| विवरण | निकाशा हुनुपर्ने | निकाशा भएको | बढी निकाशा |
|---|---|---|---|
| आधारभुत तर्फको १२ शिक्षकहरुको मंसिरदेखि माघसम्मको निकाशा दिंदा प्रा.शि श्री सरला भण्डारी र बुद्धि ब.थापा मिति २०७५।९।१ मा अवकास भएकोमा निजहरुको पौष र माघको तलवसमेत निकाशा भएको | ८७०९३१ | ९४५२७१ | ७४३४० |
| जम्मा | ८७०९३१ | ९४५२७१ | ७४३४० |

२७. **छात्रबृत्ति बढी निकाशा :** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५ को क्रियाकलाप नं २.१५.११.७७२ मा सामुदायिक विद्यालय मा शैक्षिक सत्र २०७६ वैशाखमा भर्ना भएका आधारभुत तह (कक्षा १-८) का दलित विद्यार्थीलाई प्रति विद्यार्थी रु ४००। का दरले र माध्यामिक तह (कक्षा ९-१०) का दलित विद्यार्थीलाई प्रति विद्यार्थी रु ५००। का दरले विद्यालयमा निकाशा दिने उल्लेख छ । शिक्षा शाखावाट उपलब्ध गराईएको विद्यालयबाट प्रमाणित भई आएको विद्यार्थी विवरणमध्ये केहि विद्यालयको विद्यार्थी संख्या र निकासा परिक्षण गर्दा पञ्चकन्या माध्यमिक विद्यालयको आधारभुत तह (कक्षा १-८) मा दलित छात्र १९ भएकोमा ८५ जनाको निकाशा गएकोले ६६ जनाको रु ४००। का दरले रु २६,४००।- विद्यार्थी संख्याको आधारमा निकाशा दिनु पर्ने भन्दा वढी निकासा दिएको देखिएकोले असुल गरी संघीय संचित कोषमा दाखिला हुनु पर्ने रु — २६,४००/-

२८. **विद्यालय भवन निर्माण (अघिल्लो आ व को क्रमागत ४ कोठे भवन) :** विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७८१ मा दुइ वर्षमा सम्पन्न हुने क्रमागत ४ कोठे भवनको चालु आ व मा रु १८ लाख निकाशा दिंदा पहिलो वर्ष भएको कामको मुल्यांकन गरी सो वर्ष दिएको अनुदान रकम बरावर (जनसहभागितको अंस सहित) मुल्यांकन पुगेमा पहिलो किस्ताको रुपमा कार्तिक मसान्त सम्ममा सो वर्षका लागि प्राप्त अनुदानको रकमको ३० प्रतिशत रकम निकाशा दिने, फिनिसिंग बाहेकका कामहरु सम्पन्न गरे पश्चात दोश्रो किस्ताको रुपमा सो वर्षका लागि प्राप्त कुल अनुदान रकमको ५० प्रतिशत र सम्पुर्ण कार्य सम्पादन भैसके पछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा सो वर्षका लागि प्राप्त कुल अनुदान रकमको बांकी २० प्रतिशत दिने उल्लेख छ । यो वर्ष कार्यालयले देहायका विद्यालयहरुलाई क्रमागत ४ कोठे भवन निर्माण कार्यको लागि निकाशा दिएकोमा ति विद्यालयले ड्इङ्ग डिजाइन अनुसार तोकिएको समयमा कार्य सम्पन्न गरेको नदेखिएकोले उक्त निर्माण कार्यको निर्देशिकाले तोकेबमोजिमको ढांचामा कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनु पर्ने रु.... — ३२,५०,०००/-

| गो. भौ. नं र मिति | विद्यालयको नाम | निकाशा विवरण | रकम |
|---|---|---|---|
| ७८-२०७५/१०/२०<br>२४९-२०७६/३/२९ | आधारभुत विद्यालय, माधवपुर | ४कोठे भवन निर्माण कार्यको लागि प्रथम र अन्तिम विल बाट निकाशा | १४५००००/- |
| १५५-२०७६/२/१५<br>२४७-२०७६/३/२९ | बकुलहर माध्यामिक विद्यालय | ४कोठे भवन निर्माण कार्यको विल संलग्न नगरि निकाशा भएको | १८०००००/- |
| | | जम्मा | ३२५००००/- |

२९. **कन्टिजेन्सी खर्च :** शिक्षा विज्ञान तथा प्रविधि विकाश मन्त्रालयवाट मिति २०७५।५।१२ मा स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिकाको मार्गदर्शनको बुंदा नं २१ मा भौतिक सुविधा विस्तार कार्यक्रमको लागि विद्यालयलाई दिइने रकम निर्माण कार्यमा मात्र खर्च गर्नुपर्ने भएकोले विद्यालयलाई निकाशा दिंदा कन्टिन्जेन्सी कटाई निकाशा दिन नहुने उल्लेख छ । यो वर्ष देहायका विद्यालयहरुलाई भौतिक निर्माण कार्यको रकम निकाशा दिंदा निर्देशिकाको प्रावधान विपरित ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी निकाशा दिएको छ ।

| विद्यालयको नाम | निकाशा | कन्टिन्जेन्सी कट्टा |
|---|---|---|
| आधारभुत विद्यालय, माधवपुर | १४५०००० | ४३५०० |
| बकुलहर माध्यामिक विद्यालय | १८००००० | ५४००० |
| जम्मा | ५२५०००० | ९७५०० |

| कार्यालय: रत्ननगर नगरपालिका, चितवन | | आ.व.२०७५।७६ |
|---|---|---|
| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
| ३०. | **नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान :** विद्यालय क्षेत्र विकाश कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व २०७५/७६ को क्रियाकलाप नं २.१५.११.७८४ मा स्थानिय तहले शिक्षा तथा मानवस्रोत विकाश केन्द्रवाट नमुना विद्यालयको रुपमा छनौट भई संचालनमा रहेका विद्यालयहरुको गुरुयोजना स्वीकृत गराई स्वीकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण तथा शैक्षिक विकासका कामहरु गर्ने, नमुना विद्यालयले प्राप्त गरेको बजेटवाट स्वीकृत गुरुयोजनाको परिधि भित्र रहि न्युनतम पुर्वाधारहरुको प्राथमिकता निर्धारण गरी आइसिटि ल्याव, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन गर्ने, विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली भित्र रहि निर्माण कार्य संचालन गर्ने उल्लेख छ ।<br><br>यो वर्ष नमुना विद्यालयको रुपमा छनौट भएको नेपाल माध्यामिक विद्यालयको लागि १ करोड ५० लाख खर्च लेखेको सम्वन्धमा देखिएको व्यहोरा निम्न अनुसार छ । | |
| ३०.१. | यो वर्ष नगरपालिकाले नमुना विद्यालयको रुपमा छनौट भएको नेपाल माध्यामिक विद्यालयको प्रशासनिक भवन निर्माण कार्यको लागि रु ८४५३५६२।३२ मा काम गर्न बोलपत्रको माध्यमवाट छनौट भएका आकाश निर्माण सेवा संग २०७६ असार मसान्त सम्ममा काम सक्ने गरी २०७६ बैशाख ६ गते सम्झौता भएकोमा भौ नं २५२ मिति २०७६।३।२९ सम्ममा प्रथम विलबाट रु ३०२६५८९। (मुल्य अभिबृद्धि कर समेत) भुक्तानी गरेको छ । निर्माण व्यवसायी श्री आकाश निर्माण सेवालाई प्रथम विल रु २६७८३९७ (मुल्य अभिबृद्धि कर वाहेक) भूक्तानी गर्दा आयकर ऐन २०५८ को दफा ८९ बमोजिम भुक्तानीमा १.५ प्रतिशतका दरले हुने रु ४०१७६। अग्रिम कर कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कट्टा गरेको नदेखिएकोले सम्वन्धितवाट असुल गरी राजश्व खातामा दाखिला हुनु पर्ने रु | ४०,१७६/- |
| ३०.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम वमोजिम निर्माण व्यवसायि श्री आकाश निर्माण सेवाको विल रकम रु २६७८३९७ भुक्तानी गर्दा ५ प्रतिशतले हुने रु १३३९१९।८५ रिटेन्सन मनि कट्टा गरेको नदेखिएकोले सम्वन्धितवाट असुल गरी धरौटी खातामा दाखिला हुनुपर्ने रु | १,३३,९२०/- |
| ३०.३. | संझौता बमोजिम आर्थिक वर्षको अन्त्य सम्म प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न हुन नसकेपछि मिति २०७६ असार २९ गते नगरपालिका र नेपाल राष्ट्रिय माध्यामिक विद्यालय विच सम्झौता गरी भवन निर्माण कार्यको बांकी काम निर्माण व्यवसायीले सम्पन्न गरे पश्चात प्राविधिकबाट मुल्यांकन गरी तयार गरेको विलको आधारमा भुक्तानी दिने गरी गोश्वरा भौचर नं २५४ मिति २०७६।३।२९ मा रु ५४४९५७३।७६ विद्यालय खातामा निकाशा गरेको छ । यसरी निर्माण कार्य सम्पन्न नभएको अवस्थामा आर्थिक वर्षको अन्त्यमा बजेट फ्रिज हुन नदिने उद्देश्यले विद्यालय खातामा निकाशा गर्नु उपयुक्त देखिएन । निर्माण व्यवसायी संग भएको सम्झौता वमोजिम विद्यालयको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु | ८४,५३,५६२/- |
| ३०.४. | कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार स्वीकृत गुरुयोजनाले तोकेका शैक्षिक विकासका कामहरु गर्ने र सो को नियमित अनुगमन गरी अनुगमन प्रतिवेदन स्थानिय निकाय तथा शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा उपलब्ध गराउनु पर्ने उल्लेख छ । यो वर्ष शिक्षा तथा मानवस्रोत विकाश केन्द्रवाट नमुना विद्यालयको रुपमा छनौट भएको नेपाल माध्यामिक विद्यालयको स्विकृत गुरुयोजनाले तोकेको शैक्षिक तथा व्यवस्थापकिय विकासका कामहरु सम्पन्न गर्न विद्यालयलाई रु ६५४६४३७ निकासा दिएकोमा उक्त निकाशा रकमवाट विद्यालयमा भएका कामहरुको नियमित अनुगमन गरी सोको प्रतिवेदन तयार गरेको नदेखिएकोले अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु | ६५,४६,४३७/- |
| | **सशर्त स्वास्थ्य तर्फ** : | |
| ३१. | **तलबी प्रतिवेदन :** स्वास्थ्य सेवा ऐन, २०५३ अनुसार स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरुलाई तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने व्यवस्था छ । स्वास्थ्य सेवा अन्तर्गत नगरपालिका अन्तर्गत कार्यरत अस्पताल,जनस्वास्थ्य, आयुर्वेद, विभिन्न पदका ६२ स्थाई जना | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी नगरपालिकाले खर्च लेखेको पाइयो । जसले गर्दा कुन कुन कर्मचारीले के कति ग्रेड सुविधा पाउने हो यकिन गर्न सकिएन ।अतः तलवी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्ने देखिन्छ । | |
| ३२. | **न्यानो झोला :** परिवार स्वास्थ्य महाशाखा वार्षिक कार्यक्रम सञ्चालन निर्देशिका २०७४।७५ मा आमा सुरक्षा कार्यक्रम अर्न्तगत स्वास्थ्य संस्थामा प्रसुति गर्ने महिलालाई एउटा न्यानो झोला प्रदान गर्ने व्यवस्था छ । यो वर्ष ५५५ वटा न्यानो झोला खरिद गरी भौ नं ८९, २०७५।११।३ वाट रु ४९४८२१। खर्च लेखेको छ । यस नगरपालिका अर्न्तगका स्वास्थ्य संस्थाहरुबाट यातायात खर्च वितरण भएको विवरण अनुसार जम्मा ८२ जना महिलाहरुले प्रसुति सेवा प्राप्त गरेको देखियो । प्रसुति संख्याको ८२ थान मात्र आर्थिक वर्ष २०७५।७६ मा खर्च भई ४७३ थान न्यानो झोलाहरु मौज्दातमै बाकी रहने देखिएकोले आवश्यक भन्दा धेरै बढी हुने गरी खरिद गर्ने कार्य नियम सम्मत देखिएन । त्यसैले आवस्यकता भन्दा वढी खरिद गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ३३. | **औषधी खरिद :**सिलबन्दी कोटेशनको माध्यमबाट छनौट भएका मेडिसेल्स फर्मा संग मिति २०७५।९।१२ मा संझौता भई रु ११२०२०८। को औषधि एंवम सर्जिकल सामान खरिद गरेकोमा नगरपालिका र औषधि आपुर्तक फर्मको विचमा भएको संझौतामा आपुर्ती हुने औषधि ध्ज्इ रुउ अभचतषष्भम अफउबलथ हुनुपर्ने तथा आपुर्तीहुने औषधिको उत्पादन मिति, ब्याच नं., म्याद समाप्त मिति तथा यो औषधि बिक्रिको लागी होइन लेखेको हुनुपर्ने उल्लेख छ । भौचरसँग संलग्न फाँटवारी परीक्षण गर्दा उपरोक्त प्रमाण समावेश भएको देखिएन । साथै आपुर्ती भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको कारण औषधिको गुणस्तर र म्याद सम्वन्धमा एकिन गर्न सकिएन । साथै औषधिको जिन्सी कितावमा आम्दानी वाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भै आएको खुल्ने गरि व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको, औषधिको खर्च घटाउदा एकमुष्ट घटाउने गरेकोले एकमुष्ट नघटाई मागफारामको आधारमा घटाउनु पर्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेको नदेखिएकोले जिम्मेवारी सारी औषधिको जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखियो । | |
| ३४. | **निशुल्क औषधी खरिद :** सार्वजनिक खरिद ऐनले खरिद विधिको छनौट गर्दा कम लागत पर्ने विधिको अवलम्वन गरी त्यसलाई मितव्ययी र प्रतिष्पर्धात्मक वनाउने कुरामा जोड दिएको छ । कार्यालयले यो वर्ष निशुल्क वितरणको औषधी खरिदमा प्रतिष्पर्धात्मक सिलवन्दी दरभाउपत्र को माध्यमबाट मेडिसेल्स फर्मावाट औषधी खरिद गरे पश्चात सो आर्थिक वर्षको लागि टेण्डरमा उल्लेख भएको औषधिको परिमाण भन्दा बढी औषधि आवस्यक परेमा सोहि आपुर्तकवाट खरिद गर्ने गरी सम्झौता गर्नुपर्नेमा त्यसरी सम्झौता नगरी गोश्वरा भौचर नं २६९ मिति २०७६।३।३१ वाट अन्य औषधि आपूर्तिकर्तावाट सोझै खरिद गरेको देखिएकोले उक्त कार्य नियम संगत नदेखिएको रु | ५,७१,७४०/- |

| सि.नं | आपुर्ति कर्ता | रकम |
|---|---|---|
| १ | सेवक ट्रेडर्स | २७५९९५/- |
| २ | प्रमिसा फार्मेसि | २९५७४५/- |
| | जम्मा | ५७१७४०/- |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ३५. | **एक्सरे मेशिन खरिद :** भौ नं १५२,मिति २०७६।२।१२, हेल्थ टेक नेपालबाट एक्सरे मेसिन रु १९८००००।०० मा खरिद गरेकोमा देखिएको व्यहोरा निम्न अनुसार छ ।<br>(क) सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ मा कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक नियमावली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्वन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रहि चालु वा अघिल्ला वर्षहरुमा सोहि मालसामान खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | बजारमा प्रचलित दरभाउ, उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले सोझै खरिद माध्यमवाट बकुलहर अस्पतालको लागि एक्सरे मेशिन खरिद गरेकोमा उक्त मेशिन खरिद गर्नु भन्दा पहिले लागत अनुमान तयार गराएको देखिएन ।<br>(ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान दरभाउपत्र तथा सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण परिक्षण गराउनु पर्ने उल्लेख छ । अस्पतालमा आपूर्ति गरिएका उक्त एक्सरे मेशिन तोकिएको स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको र सञ्चालनमा रहे नरहेको सम्वन्धमा निरीक्षण गरी प्राविधिक प्रतिवेदन तयार गरेको देखिएन । | |
| | **आयुर्वेद तर्फ** | |
| ३६. | **आयुर्वेदिक औषधि खरिद** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा कुनै प्रकारले हस्तान्तरण भई आएका जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाइ ७ दिन भित्र जिन्सी किताबमा आम्दानी वांधी स्रेस्ता खडा गरि राख्नु पर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले भौ.नं २२० मिति २०७६।३।२७ वाट जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रत्ननगरको लागि अभिपत्तिकर चुर्ण, त्रिफला चुर्ण, योगराज गुगुल लगायत २३ आईटम औषधि खरिद गरी सुशान्त आयुर्वेदिक औषधालयलाई रु.२,९९,९२९। भुक्तानी गरेको छ । उक्त भौचर परीक्षण गर्दा दाखिला प्रतिवेदन फाराममा जिन्सी खातापाना नं चढाएको देखिएन । लेखापरीक्षणको क्रममा आयुर्वेद स्वास्थ्य केन्द्र रत्ननगरको स्थलगत निरीक्षणको क्रममा आ.व.२०७५।७६ मा खरिद भएका औषधिहरुको २ वटा जिन्सी किताबमा आम्दानी वांधिएको भए तापनि भौ.नं २२० बाट खरिद गरेका २३ आइटम औषधिहरु आम्दानी बांधेको तथा खर्च गरेको प्रमाण तथा पुष्ट्याई नदेखिएकोले खरिद गरि जिन्सी आम्दानी गरेको प्रमाण वेगर खर्च लेखेको रकम असुल गरी संघिय संचित कोषमा दाखिला हुनु पर्ने रु.......... | २,९९,९२९/- |
| ३७. | **नर्म्स भन्दा बढी प्रशिक्षण भत्ता :** अर्थ मन्त्रालयबाट जारी गरिएको कार्य संचालन निर्देशिकामा स्थानिय तहबाट संचालन हुने तालिम, गोष्ठि , कार्यशालामा गरिने खर्चहरुको मापदण्ड तोकिएको छ । उक्त मापदण्ड अनुसार जिल्लास्तरमा हुने तालिम,गोष्ठी कार्यशालामा प्रशिक्षक भत्ता ७००।, कार्यपत्र बापत रु १०००। संयोजक वापत रु ४००। सहयोगी भत्ता रु ४००। र सहायकको भत्ता वापत रु १५०। तोकिएको छ । नगरपालिकाले संघिय सरकारद्वारा हस्तान्तरित कार्यक्रम अन्तर्गत देहायका गोश्वरा भौचर र मितिबाट विभिन्न कर्मचारीको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा नगरपालिकाबाट फरक नर्म्स स्वीकृत गराइ उल्लेखित दर भन्दा बढी प्रशिक्षक भत्ता, संयोजक भत्ता भुक्तानी गरेको विल भरपाई पेश गरी पेश्की फछ्र्यौट गरेको मापदण्ड विपरित देखियो रु...... | १८,७००/- |

| सि.नं | गोश्वरा भौचर | पेश्की फछ्र्यौट गर्ने | भुक्तानी व्यहोरा | बढी रकम |
|---|---|---|---|---|
| १ | २०-२०७५/७/१४ | सीता खनाल | प्रशिक्षक भत्ता रु १५००। का दरले ३ वटा, संयोजक भत्ता रु १०००।, | ३००० |
| २ | ४६-२०७५/९/११ | राधा पौडेल | प्रशिक्षक भत्ता रु १५००। का दरले ९ वटा, संयोजक भत्ता रु १०००। का दरले ३ वटा | ९००० |
| ३ | ४७-२०७५/९/११ | सीता खनाल | प्रशिक्षक भत्ता रु १५००। का दरले २ वटा, संयोजक भत्ता रु १०००। का दरले २ वटा | २८०० |
| ४ | १०९-२०७५/१२/३ | सीता खनाल | प्रशिक्षक भत्ता रु १५००। का दरले ४ वटा, संयोजक भत्ता रु १०००।- | ३९०० |
| | | | | १८,७००/- |

**नगरपालिका चालु खर्च तर्फ**

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ३८. | **वडा कार्यालयहरुवाट खरिदः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार नियम ४६ र ४७ वमोजिम लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो संभार गरी चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यलय प्रमुखको हुने व्यवस्था छ । यस वर्ष खरिद गरेका कतिपय फर्निचर, कम्प्युटर लगायतका सामान वडा कार्यालयबाट खरिद गर्ने र सो को भुक्तानी नगरपालीकाबाट हुने गरेको पाइयो । यसरी खरिद गरेका सामान वडा कार्यालयमा नै दाखिला भएको भनी नगरपालिकाको मुल जिन्सी खातामा आम्दानि जनाउने गरेको देखिएन । यसरी नगरपालिकाको मूल जिन्सि खातामा आम्दानि नजनाउदाँ नगरपालिकाको वास्तविक सम्पती एकिन नहुने अवस्था रहने हुँदा खर्च नहुने सवारी साधन, फर्निचर, कम्प्युटर लगायतका सामान नगरपालिकाबाट नै खरिद गरी मुल जिन्सी खातामा आम्दानी जनाएर सहायक जिन्सी खाता राखि वडा कार्यालयहरुमा हस्तान्तरण हुनुपर्ने देखिन्छ । यसरी वडा कार्यालयबाट खरिद गरी नगरपालीकाको जिन्सी खातामा आम्दानी नजनाएका केही उदाहरण देहाय बमोजिम छन्- | |

| भौ.नं. मिति | विवरण | वडा कार्यालय | आपुर्तक | रकम |
|---|---|---|---|---|
| ३९५/०७५/८/२० | ल्यापटप र प्रिन्टर | १० नम्वर | स्काइ ल्याण्ड इन्टरनेशनल | ८९००० |
| ४९७/०७५/९/१८ | डेल डेक्स टप | - | सीजल कम्प्युटर | ५०००० |
| ९२३/०७६/१/५ | विभिन्न फर्निचर | ५ नम्वर | सस्तो फर्निचर प्रा.लि. | ५६७२६ |
| १२००/०७६/२/३० | विभिन्न फर्निचर | १६ नम्वर | नेपो फिनिसिङ्ग इन्डस्ट्रीज | ९६४०० |
| १२७९/०७६/३/९ | डेल आई थ्री कम्प्युटर | १२ नम्वर | सुपर कम्प्युटर एण्ड मोवाइल | ९०००० |
| १४८५/०७६/३/२८ | डेस्क टप कम्प्युटर | ८ नम्वर | स्काइ ल्याण्ड इन्टरनेशनल | ४४००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ३९. | **कार्यविधि तथा विड डकुमेन्ट वनाएको भुक्तानीः-** नगरपालिकाको लागी आवस्यक विभिन्न कार्यविधि तथा विड डकुमेन्ट नगरपालिकाकै वहालवाला जनशक्तिवाट गराए वापत प्रति कार्यविधि रु. २५ हजार तथा प्रति विड डकुमेन्ट रु. १५,०००।- थप सुविधा दिने भनि मिति २०७५/४/१ मा नगर प्रमुखबाट टिप्पणी सदर गरेको देखिन्छ । वहालवाला कर्मचारीलाई यसरी थप सुविधा दिन मिल्ने कानुनमा व्यवस्था नदेखिनुका साथै नगर कार्यपालिकाको वैठक एवं नगर सभावाट यस्तो सुविधा दिने निर्णय गरी पारित भएको समेत देखिएन । नमुना छनोटको आधारमा परिक्षण गरिएका देहाय वमोजिमका भौचरवाट यस्तो थप सुविधा भुक्तानी भएको देखिएकोले उक्त भुक्तानी नियम सम्मत नदेखिएको रु..... | ५,३०,०००/- |

| भौ.नं. मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| २९/०७५/५/२१ | ४ वटा विड डकुमेन्ट वनाएको | डि.ई. विजय रानामगर | ६०००० |
| ६१/०७५/५/३१ | विभिन्न ११ कार्यविधि वनाएको | डि.ई. विजय रानामगर | २७५००० |
| ३६१/०७५/८/७ | ६ वटा विड डकुमेन्ट वनाएको | अशोक भुषाल | ९०००० |
| ५७७/०७५/१०/६ | ७ वटा विड डकुमेन्ट वनाएको | हे. शंकर वहादुर कुँवर | १०५००० |
| **जम्मा** | | | **५३००००** |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ४०. | **सोझै खरिदः-** नगरपालिकाले यस वर्ष विभिन्न मसलन्द तथा कार्यालय सामग्री वोलपत्रबाट खरीद गरेको भएतापनि नगरपालिकाको लागी आवस्यक विभिन्न अनुसुची, दर्ता किताव छपाई सम्वन्धी सामान सोझै खरिद गर्ने गरेको पाइयो । नमुना छनोट गरी परीक्षण गरिएका देहायका भौचर र मितिवाट यस्तो खरिद सोझै गरेको देखिएकोले उक्त खरिद कार्य नियम मम्मत नदेखिएको रु................. | १३,४९,६१२/- |

| भौ.नं. मिति | विवरण | आपुर्तक | भुक्तानी रु. |
|---|---|---|---|
| ८४/०७५/५/३१ | विभिन्न छपाई | सिद्धबाबा अफसेट प्रेस | २०७३०९ |
| १९१/०७५/६/२३ | विभिन्न छपाई | सत्यसाई अफसेट प्रेस | १०९६६६ |
| १९४/०७५/६/१३ | विभिन्न छपाई | सिद्धबाबा अफसेट प्रेस | ५०६९२ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३०२/०७५/७/१२ | विभिन्न छपाई | सिद्धबाबा अफसेट प्रेस | १७६७३२ |
| ६९१/०७५/११/३ | विभिन्न छपाई | सिद्धबाबा अफसेट प्रेस | १३५६५६ |
| ७४१/०७५/११/२२ | विभिन्न छपाई | ग्लोवल सप्लायर्स | ३०८३८८ |
| १४०५/ | विभिन्न छपाई | ग्लोवल सप्लायर्स | १९५८८५ |
| १४०५/ | विभिन्न छपाई | सिद्धबाबा अफसेट प्रेस | १६५२८४ |
| | | जम्मा | १३४९६१२ |

४१. **थप सुविधा :-** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसुची-२ वमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसुची-१ मा उल्लेख भए वमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार अनुसुची-१ मा उल्लेख भए वाहेक अन्य थप सुविधा पाउने देखिदैन । नगरपालिकाले यस वर्ष प्रदेश कानुनले तोके भन्दा बढी हुनेगरी संचार सुविधा वापत नगर प्रमुखलाई रु. १२,०००।- नगर उपप्रमुखलाई रु. ६,०००।- वडाध्यक्ष १६ जनालाई जनही १,०००।- ले रु. १,९२,०००।- कार्यपालिका सदस्य ८ तथा वडा सदस्य ५६ जनालाई जनही रु. ५००।- ले रु. ३,९६,०००।- समेत जम्मा रु. ६,०६,०००।- भुक्तानी गरी थप व्ययभार पारेको छ । प्रदेश कानुनले तोकेभन्दा वढी थप सुविधा दिनु नियमसम्मत नदेखिएको रु...... ६,०६,०००/-

४२. **वैठक भत्ताः-** स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ अनुसार स्थानिय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसुची-२ बमोजिम पद तथा गोपनियताको सपथ लिई आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखी अनुसुची-१ मा उल्लेख भए वमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ४ मा पदाधिकारी र कर्मचारी वाहेकका सदस्य र सभाका सदस्यले न्यायिक समिति वा कुनै समितिका बैठकमा भाग लिए वापत अनुसुची-१ मा उल्लेख भए वमोजिमको वैठक भत्ता वापतको रकम पाउने उल्लेख छ । अनुसुची-१ को क्र.सं. ६ मा इजलास भत्ता (न्यायिक समिति ) तथा क्र.सं.७ मा समिति भत्ता (विधायन समिति, लेखा समिति र सुशासन समिति ) वाहेक अन्य भत्ता पाउने व्यवस्था गरेको छैन । नगरपालिकाले देहाय वमोजिम १६ वटा वडामा प्रति महिना ३ वटा वैठक तथा विभिन्न मितिमा कार्यपालिका वैठक वसी पदाधिकारी तथा कर्मचारीलाई समेत रु. ४२,६६,०००। वैठक भत्ता भुक्तानी गरेको छ । प्रदेश कानुनमा पदाधिकारी तथा कर्मचारीले यस किसिमको वैठक भत्ता पाउने व्यवस्था नभएको हुँदा कानुन विपरित हुने गरी कार्यपालिकाले निर्णय गरी भुक्तानी दिन मिल्ने नदेखिएको रु. .......... ०/-

| भौ.नं. मिति | विवरण | रकम |
|---|---|---|
| विभिन्न | १६ वटा वडाका पदाधिकारी तथा कर्मचारीको १ वर्षको वैठक भत्ता | ३५२८००० |
| ३२६/०७५/७/१९ | कार्यपालिकाको २०७५ असार २५ देखि २०७५ कार्तिक १२ सम्मको वैठक भत्ता | २६७००० |
| ८०९/०७५/११/३० | कार्यपालिकाको कर्तिक २७ देखि २०७५ फागुन २९ सम्मको वैठक भत्ता | २३०००० |
| १५१७/०७६/३/३० | कार्यपालिकाको २०७५ चैत्र २५ देखि २०७६ असार २५ सम्मको वैठक भत्ता | २४१००० |
| | जम्मा | ४२६६००० |

४३. **खाजा तथा खाना खर्च :-** कार्यालय समय भन्दा वढी समय काममा खटिने नगर प्रहरीहरुलाई यसरी थप समय खटिई काम गरेवापत नियमित रुपमा प्रतिमहिना रु. २,१००।- का दरले राशन भत्ता उपलब्ध गराएको छ । यसरी राशन भत्ता पाइरहेका यस्ता कर्मचारीहरुलाई नगर १,९१,६५०/-

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट थप खाना तथा खाजा भत्ता उपलब्ध गराएको देखियो । नियमित तलव भत्ताका अतिरिक्त राशन भत्ता समेत सुविधा दिएको अवस्थामा थप निर्णय गरी खाजा तथा खाना खर्च दिनु नियम सम्मत नदेखिएको रु.......... | |

| नगर प्रहरी/ कर्मचारीको नाम | खाजा खर्च | खाना तथा खाजा खर्च | जम्मा |
|---|---|---|---|
| नगर प्रहरी क्षेत्र वहादुर थापा | ३५६०० | ४९२५० | ८४८५० |
| नगर प्रहरी राम कुमार तामाङ्ग | ३५६०० | ० | ३५६०० |
| नगर प्रहरी डोलनाथ घिमिरे | ३५६०० | ० | ३५६०० |
| नगर प्रहरी शम्सेर वहादुर काफ्ले | ३५६०० | ० | ३५६०० |
| | | जम्मा | १९१६५० |

**प्रादेशिक सरकारवाट हस्तान्तरित कार्यक्रम**

४४. **पुर्वनिर्धारित क्षतिपुर्तीः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३१ अनुसार निर्माण व्यवसायीको ढिलाइका कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपर्ती दिनुपर्ने व्यवस्था छ । देहाय वमोजिमका निर्माण कार्य सम्झौतामा तोकिएको समयमा सम्पन्न नभएकोमा निर्माण व्यवसायीले सम्पन्न हुन नसक्नाको उचित कारण खोली नियम १२० मा उल्लेख भएको अवधी भित्र म्याद थपका लागि निवेदन दर्ता गराएको देखिएन । यसरी समयमा काम सम्पन्न नभई ढिला काम सम्पन्न भएकोले नियमानुसार रु. १,१४,४१९।- पुर्व निर्धारित क्षतिपुर्ती असुल हुनुपर्ने रु.... १,१४,४१९/-

| ठे.नं. | कामको विवरण | निर्माण व्यवसायी | संझौता रकम | संपन्न गर्नुपर्ने मिति | संपन्न मिति | क्षतिपुर्ती रकम |
|---|---|---|---|---|---|---|
| ५/०७५/७६ | देवौली कुलो | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | २७०१९३५ | २०७५/१२/४ | २०७६/१/१५ | ५४०३९ |
| ६/०७५/७६ | निपेनी कुलो | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | २६५००९८ | २०७६/२/३१ | २०७६/३/२२ | २९१५१ |
| ७/०७५/७६ | पिठुवा नहर | पि.के. निर्माण सेवा | २८३९०३५ | २०७६/२/३१ | २०७६/३/२२ | ३१२२९ |
| | | | | | जम्मा | ० |

४५. **रिटेन्सन मनिः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) मा खरिद संझौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विलको भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ्ग विल वा विजकमा उल्लिखित रकमको ५ प्रतिशत रकम कट्टा गरीराख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले देहायवमोजिमका निर्माण कार्यको रनिङ्ग विल भुक्तानी गर्दा रिटेन्सन मनि कट्टी नगरी/घटी कट्टी गरी भुक्तानी दिएकोले नपुग रकम असुल गरी सम्वन्धित धरौटी खातामा आम्दानी वाध्नु पर्ने रु........ ११,४०,५२७/-

| ठे.नं. | कामको विवरण | निर्माण व्यवसायी | कुल भुक्तानी | कट्टी गर्नुपर्ने धरौटी | कट्टी धरौटी | नपुग धरौटी |
|---|---|---|---|---|---|---|
| ५/०७५/७६ | देवौली कुलो | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | २६८७५८६ | ११८९२० | ० | ११८९२० |
| १४/०७५/७६ | देवौली कुलो | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | १२२०७९६ | ५४०१७ | ६१४७ | ४७८७० |
| १/०७५/७६ | पिठुवा नहर | पि.के. निर्माण सेवा | १९४२९९२ | ८५९७३ | २७६३० | ५८३४३ |
| ६/०७५/७६ | निपेनी कुलो | मनकामना कन्ट्रयाक्टर्स एण्ड विल्डर्स प्रा.लि. | २६४१०५८ | ११६८६१ | १४९०५ | १००९५६ |
| ३/०७५/७६ | देवौली कुलो | हेमन्त निर्माण सेवा | ८७६८३५ | ३८७९८ | ० | ३८७९८ |
| २३/०७५/७६(न.पा.विषयगत) | ल्याण्डफिल्ड जाने बाटो निर्माण | जय शम्भो भोलेनाथ कन्स्ट्रक्सन | ३१९८५४६ | १४१५२८ | ० | १४१५२८ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | | | | | | | रकम |
|---|---|---|---|---|---|---|---|---|
| | २२/०७६/३/२७ स्संघीय सरकार | कृषि सहकारी संधको केन्द्रीय भवन | | १४५०३३८१ | ६३४११२ | ० | ६३४११२ | |
| | | | | | | जम्मा | ११४०५२७ | |
| ४६. | **वढी भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी उपभोक्ता समितिवाट कार्य गराँउदा संभ्कौतामा उल्लेखित सर्त अुनसार कामको भुक्तानी गर्नु पर्दछ। नगरपालिकाले डिप वोरिङ्ग सम्वन्धी कार्य वापत डिपवोरिङ्ग भुमिगत सिँचाई उपभोक्ता समितिलाई सम्झौता अनुसार रु १९,९९,५५०।- को कार्य सम्पन्न रकमको भुक्तानी गर्दा रु. ६०,०००।- कन्टीजेन्सी गरी भुक्तानी गर्नु पर्नेमा भौ.नं. २९ मिति २०७६/३/२७ बाट रु. ४०,०००।- मात्र कट्टी गरी भुक्तानी गरेकोले सम्झौता भन्दा रु. २०,०००।- वढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनुपर्ने रु.......... | | | | | | | | २०,०००/- |
| ४७. | **वढी भुक्तानीः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी उपभोक्ता समितिवाट कार्य गराँउदा संभ्कौतामा उल्लेखित सर्त अुनसार कामको भुक्तानी गर्नु पर्दछ। नगरपालिकाले सडक निर्माण सम्वन्धी कार्य वापत बुद्ध टोल कालोपत्रे निर्माण उपभोक्ता समितिलाई सम्झौता अनुसार रु ७९,१६,०१४।४४ को कार्य सम्पन्न रकमको भुक्तानी गर्दा भौ.नं. ७ र १५ बाट रु ११०,०००। वढी भुक्तानी भएको हुँदा उक्त रकम असुल हुनुपर्ने रु............. | | | | | | | | १,१०,०००/- |
| ४८. | **पचास प्रतिशत मू.अ.कर कट्टी नगरी भुक्तानी :**मू.अ.कर नियमावली २०५३(२१औं संशोधन) को नियम ६.ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अर्न्तगत आपुर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मू.अ.कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम भुक्तानी दिने व्यवस्था छ ।यस नगरपालिकमा परीक्षण गरिएका देहाय बमोजिममा भौचरबाट यस्तो रकम कट्टी नगरी पुरै भुक्तानी भएको देखिएको हुँदा भुक्तानी भएको उक्त मू.अ.कर रकम सम्वन्धित राजस्व कार्यालयबाट समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु | | | | | | | | १,४५,३६७/- |
| | ठे.नं. | निर्माण व्यवसायी | विजक नं. | कुल भुक्तानी | ५० प्रतिशत मु.अ.कर | | | |
| | १७/०७५/७६ | निहारिका विल्डर्स | ०१३/०७६/३/२५ | २५२७१५२ | १४५३६७ | | | |
| | **नगरपालिका कृषि तथा पशु (पूजिगत)** | | | | | | | |
| ४९. | **पचास प्रतिशत अनुदानमा मेशिनरी तथा औजार वितरण :-** नगरपालिकाले स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न कृषक तथा कृषक समूहलाई पचास प्रतिशत अनुदानमा धान काट्ने रिपर, मिलि टिलर ड्याङ्ग वनाउने मेशिन, पावर स्प्रेयर, इलेक्ट्रीक स्प्रे लगायतका विभिन्न मेशिन खरिद वापत चितवन भेट फर्मा तथा आधुनिक कृषि किशान संसारले पेश गरेको विल अनुसार भौ.नं. १/०७६/३/३० बाट भुक्तानी गरेको छ। कृषि सम्वन्धी यस्ता मेशिनरी औजार वितरण गर्दा कुन कुन किशानलाई के आधारमा दिने भन्ने स्पष्ट निर्णय गरी कृषकको छनोट गरेको पाइएन । त्यस्तैगरी यसरी अनुदानमा दिएका मेशिनरी औजारहरुको उपयोगिता र प्रभावकारीतावारे कार्यालयबाट अनुगमन गरि प्रतिवेदन समेत दिएको देखिएन । यसर्थ कार्यालयले अनुदानमा कृषि सम्वन्धी औजार वितरण गर्दा कस्ता कस्ता कृषकलाई वितरण गर्ने स्पष्ट आधार तय गरिनु पर्दछ। साथै वितरण गरिएका मेशिनरी औजारको निरन्तर अनुगमन गरि यसको प्रभावकारीताबारे प्रतिवेदन पेश हुनु पर्ने देखिन्छ। | | | | | | | | |
| ५०. | **गौशाला निर्माण :-** नगरपालिकाले यस वर्ष वार्षिक स्वीकृत कार्यक्रम अनुसार नगरपालिका भित्र रहेका छाडा पशुहरुको उचित व्यवस्थापन तथा पशु अधिकारको संरक्षण एवं संवर्द्धन गर्ने उद्देस्यले | | | | | | | | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | यस नगरपालिकाको वडा नंवर १६ उत्तर पूर्व स्थित कयर खोला चौरको करिव ३ विगाहा क्षेत्रफलमा गौशाला निर्माण गर्नका लागि रु. ९,५९,७४४।- को लागत अनुमान गरी कार्यालयबाट रु. ९,२१,५००।- तथा उपभोक्ता समितिबाट रु. ३८,२४४।- व्यहोर्ने सम्झौता भएको र सोही वमोजिम काम सम्पन्न गरेको देखियो । गौशाला स्थलमा तारवार जाली, गोठ टहरो निर्माण, खानेपानी धारा तथा ट्याङ्की लगायतका काम भएको जनाएतापनि हाल सम्म उक्त स्थानमा कुनै पनि पशुलाई लगेर व्यवस्थापन गरेको देखिएन । जुन उद्देस्यका लागि गौशाला निर्माण भएको हो, सो वमोजिम काम नहुँदा नगरपालिकाबाट भएको उक्त लगानीले सार्थकता पाएको देखिएन । | |
| | **नगरपालिका बिषयगत शाखा** | |
| ५१. | **सोझै खरिद :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख सम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा सिलवन्दी दरभाउ पत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ। त्यसैगरी सोही नियमावलीको नियम ३१ मा सार्वजनिक निकायले वीस लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्न पर्दा खुला वोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष देहाय वमोजिमका निर्माण कार्य गर्दा रु. पाँच लाख भन्दा घटीका प्याकेज वनाई खुला कोटेशन माग गरी गराएको पाइयो । कार्यालयको एउटै कम्पाउण्ड भित्र गरिएका यी कामहरुलाई एउटै खरिद प्याकेज वनाई सिलवन्दी दरभाउपत्र वा वोलपत्र आव्हान गरी प्रतिस्पर्धाबाट गराउन सकिनेमा सोझै गराउनु नियम सम्मत देखिएन । रु………… | १९,०८,९८५/- |

| भौ.नं. मिति | कामको विवरण | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता तथा भुक्तानी |
|---|---|---|---|---|
| १४/०७५/६/०२६ | कार्यालय परिसर भित्र साइकल/ मोटर साइकल पार्किङ्ग निर्माण | सुवेदी विल्डर्स एण्ड प्रोपर्टी डिलर प्रा.लि. | ४८०२६४ | ४८०२६४ |
| १५/०७५/६/२६ | कार्यालय परिसर भित्र सवारी पार्किङ्ग निर्माण | पवन विल्डर्स | ४७८९०३ | ४७८९०३ |
| ३१/०७५/८/१८ | कार्यालय परिसर भित्र कम्पाउण्ड वाल मर्मत तथा रंगरोगन | पवन निर्माण सेवा | ४९६०९१ | ४७६५९१ |
| ६१/०७५/११/१० | न.पा. कार्यालयमा सौचालय निर्माण | पि.के निर्माण सेवा | ४८३११८ | ४७३२२७ |
| | | जम्मा | १९३८३७६ | १९०८९८५ |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५२. | **अग्रिम कर :-** आयकर ऐन, २०५८ अनुसार निर्माण कार्यको विल भुक्तानी गर्दा मू.अ.कर वाहेकको विल रकममा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहाय वमोजिमका निर्माण कार्यको विल भुक्तानी गर्दा अग्रिम कर घटी कट्टी गरेकोले असुल हुनुपर्ने रु………… | १२,९७०/- |

| भौ.नं. मिति | निर्माण व्यवसायी | भुक्तानी रकम | कट्टी गरेको रकम | नपुग रकम |
|---|---|---|---|---|
| १६३/०७६/३/२७ | राज कन्स्ट्रक्सन | १४२२५०५ | १७२०८ | १६७५ |
| १६४/०७६/३/२७ | पि.के. निर्माण सेवा | ७६१७४७ | ९००० | ११०५ |
| २७/०७६/३/२७ प्रादेशिक हस्तान्तरित | पि.के. निर्माण सेवा | ८९०२७५ | ९००० | २८१८ |
| १७०/०७६/३/२१ प्रदेश समपुरक | डि.एण्ड जी कन्स्ट्रक्सन | ११५०२१०२ | १४५३११ | ७३७२ |
| | | | जम्मा | १२९७० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५३. | **लिटेररी एशोसियसन अफ नेपाललाई भुक्तानी :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चका विल भर्पाइ विना रकम भुक्तानी गर्नु हुदैन । लिटेररी एशोसियसन | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | अफ नेपालले नेशनल पार्क सौराहा चितवनमा १ मार्च २०१९ मा अन्तराष्ट्रिय सेमिनार आयोजना गर्ने भएकोले कार्यपालिकाको २०७५/१२/२९ को निर्णय वमोजिम आकस्मिक कोष तथा पुर्वाधार शीर्षकबाट रकम उपलब्ध गराउने भए वमोजिम नगरपालिकाले भौ.नं. ८६ मिति २०७५/१२/२७ बाट रु. ५०,०००।- भुक्तानी गरेको छ । उक्त भौचर साथ लिटेररी एसोसियसन अफ नेपालको विल नं. ४० र ४१ का खाली विल संलग्न भएको पाइयो । यसरी स्पष्ट विल भर्पाइ विना खर्च लेखेको रकम असुल हुनुपर्दछ रु............... | ५०,०००/- |
| ५४. | **विभिन्न वैठक तथा अनुगमन भत्ता :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चका विल भर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । जस अनुसार विभिन्न वैठक तथा अनुगमन भत्ता वितरण गर्दा ति वैठक तथा अनुगमन कुन कुन मितिमा भएका हुन र सो वापत पाउने दरको आधार एवं वैठकको निर्णय र अनुगमन प्रतिवेदन संलग्न हुनुपर्दछ । नगरपालिकाले यस्ता वैठक भत्ता तथा अनुगमन भत्ता वितरण गर्दा विभिन्न मितिको वैठक तथा अनुगमन भत्ता भनी खर्च लेख्ने गरेको पाइयो । पदाधिकारी/कर्मचारीहरुले आफ्नो कार्य क्षेत्रभित्र अनुगमन गर्दा तथा कार्यालय समय भित्र वैठक वस्दा यस्तो सुविधा पाउने स्पष्ट आधार ऐन/नियममा नभएको हुँदा यस्तो खर्च लेख्नु अघि कार्यालय स्पष्ट हुनुपर्ने देखिन्छ । नमुना छनोटको आधारमा परीक्षण गरिएका भौचर मध्ये देहायका भौचरवाट विभिन्न मितिको वैठक भत्ता तथा अनुगमन भत्ता भनि खर्च लेखेकोमा उक्त खर्चलाई पुष्टी गर्ने आधार पेश नभएको रु............. | १०,०७,१००/- |

| नगरपालिका बिषयगत शाखा | | |
|---|---|---|
| भौ.नं. मिति | विवरण | भुक्तानी रु. |
| ७६/०७६/११/३० | विभिन्न १४ जनालाई योजना अनुगमन समितिको भत्ता | ६५२०० |
| १६/०७५/६/२६ | विभिन्न १५ जनालाई योजना अनुगमन समितिको भत्ता | ८९२०० |
| ५६/०७५/११/२ | विभिन्न १४ जनालाई योजना अनुगमन समितिको भत्ता | ८९४०० |
| ६४/०७५/११/१९ | विभिन्न १६ जनालाई योजना अनुगमन समितिको भत्ता | ९२९०० |
| १२२/०७६/३/२ | विभिन्न १३ जनालाई योजना अनुगमन समितिको भत्ता | १५१४०० |
| ६४/०७५/११/१९ | विभिन्न १३ जनालाई वोलपत्र मुल्यांकन समितिको वैठक भत्ता | १००००० |
| ५७/०७५/११/२ | विभिन्न १२ जनालाई वोलपत्र मुल्यांकन समितिको वैठक भत्ता | ११४००० |
| १०५/०७६/२/१० | विभिन्न १४जनालाई वोलपत्र मुल्यांकन समितिको वैठक भत्ता | ९७००० |
| नगरपालिका चालु तर्फ | | |
| ५३४/०७५/९/२७ | विभिन्न ११ जनालाई वोलपत्र मुल्यांकन समितिको वैठक भत्ता | ८१००० |
| ४३८/०७५/८/२८ | विभिन्न १३ जनालाई वोलपत्र मुल्यांकन समितिको वैठक भत्ता | १२७००० |
| | | २०८००० |

| | | |
|---|---|---|
| | **स्थानीय तह क्षमता विकास कार्यक्रम** | |
| ५५. | **वढी भुक्तानीः** स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमद्वारा चालु आ.व.२०७५।७६ तलव भत्ता, स्थानीय भत्ता, चाडपर्व खर्च र पोशाक भत्ता नेपाल सरकारको राजपत्रांकित तृतीय श्रेणीका अधिकृत स्तरको कर्मचारीलाई अर्थ मन्त्रालयले तोकेअनुसार हुने गरी कायम गर्न निर्देशन भएको छ । राजपत्रांकित तृतीय श्रेणीका अधिकृत स्तरका कर्मचारीको तलव रु.३०,५००।- निर्धारण भएको थियो । सो स्केल अनुसार नगरपालिकाले सूचना प्रविधि अधिकृत रवी तिवारीलाई साउन, भाद्र असोज र चाडपर्व खर्च रु. १,२२,०००।- मात्र भुक्तानी दिनुपर्नेमा प्रति महिना ४०,०००।- को दरले १,६०,०००।- भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रकम असुल गर्नु पर्दछ रु... | ३८,०००/- |
| | **ब.उ.शि.नं ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रमतर्फ)** | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ५६. | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ। योवर्ष नगरपालिकाले रु.११,६४,५८,०२२/८२ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार तोकिएको मिति भित्र सामाजिक सुरक्षा भत्ता वितरण नगरेको, तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण नगरी सामाजिक सुरक्षा भत्ता वितरण गरेको, तथा दफा ९ अनुसार सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन नगरेको स्थिति देखिएको छ। कार्यविधिको पूर्ण पालना गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्दछ। | |
| ५७. | **प्रधानमन्त्री रोजगार कार्यक्रम :** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले यस नगरपालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका ७ वटा वडाहरुमा विरुवा रोपण, झाडी फडानी, र नहर सरसफाई, कार्यालय उपकरण तथा सामग्री खरिद लगायतका ३ वटा कार्यक्रम संचालन गरी १४८ जना लक्षित वर्गलाई २ देखि १४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला वापत रु ७,८६,५६०/- र निर्माण सामाग्री रु. ३३५०/- कार्यालय उपकरण रु. २,८४,०००/- र अन्य रु ३,२२,४१९।- समेत जम्मा रु.१३,९६,३२९।- खर्च लेखेको छ। उक्त खर्चवाट लक्षित वर्गको लागि अल्पकालिन रोजगारी सृजना भएतापनि सम्पन्न कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृर्जना भएको देखिंदैन। त्यसैले दिर्घकालिन रोजगारी सृजना हुने तथा दिगो आयोजना संचालन गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्ने देखिन्छ। | |
| ५८. | **जिन्सी व्यवस्थापनः** नगरपालिकाको जिन्सी व्यवस्थापन सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छ - | |
| | क) न.पा.को म.ले.फा.नं. ४७ खाता ३(तिन) वटा पाइयो (कार्यालयको तर्फ, UEIP तर्फ, विपद व्यवस्थापन तर्फ), उक्त सम्पूर्ण खातालाई मिलाई संयुक्त खाता बनाउनु पर्ने देखिन्छ।<br>ख) जिन्सि निरिक्षण गर्ने क्रममा जिन्सि निरिक्षण प्रतिवेदनले देखाएको खर्च भएर नजाने म.ले.प. फाराम नं.४७ खाताले देखाएका सामानहरु मध्ये मिनाहा गर्नुपर्ने सामानहरुलाइ प्रकृया पुरा गरि मिनाहा गर्नुपर्ने, मर्मत गर्नु पर्ने सामान लाइ मर्मत गराइ पुन संचालनमा ल्याउनुपर्ने,लिलाम बिक्रि गर्नुपर्ने सामान लाइ प्रकृया पुरयाइ लिलाम विक्रि गर्नुपर्ने साथै चालु आ.व.मा लिलाम विक्रि गराइएको पाईएन।<br>ग) जिन्सी निरीक्षण प्रतिवेदनमा खर्च भएर नजाने खाता(म.ले.प.फा.नं.४७ )मा सामानको प्रविष्टि गराउंदा एउटै प्रकृतिको देखिने तर टिकाउ र मुल्यको आधारमा फरक प्रकृतिको सामान पनि एउटै खाता वा खाता पाता न. मा प्रविष्टि गरेकोले मुल्यको आधारमा छुट्टा छुट्टै खातामा प्रविष्टि गर्नुपर्ने सुझाव दिईएको देखिन्छ। प्रतिवेदनको व्यहोरा कार्यान्यन हुनु पर्दछ।<br>ग) कार्यालयको जिन्सि खाता साधारणतया १० वर्षमा नयां खाता बनाउनुपर्नेमा स्थापनाकाल २०५४ साल देखि हालसम्म एउटै खाता प्रयोगमा आइरहेको पाइयो उक्त खाता जिर्ण भएकोले नयां खाता खोलि जिम्मेवारि सार्नुपर्ने देखिन्छ।<br>घ) तत्कालिन कार्यकारी अधिकृत श्री अमरनाथ ढकालको नाममा रहेको ल्याप टप डेल १५ थान १ र सामसुंग मोवाइल जे७पि थान १ हालसम्म यस न.पा.मा फिर्ता नआएकोले अविलम्व पत्राचार गरी उक्त सामान फिर्ता ल्याउनु पर्ने देखिन्छ।<br>ङ) तत्कालिन प्रमुख प्रशासकिय अधिकृत श्री नवराज ढुगांनाको नाममा रहेको ल्याप टप डेल १५ थान १ र सामसुंग मोवाइल जे७ थान १ हालसम्म यस न.पा.मा फिर्ता नआएकोले अविलम्व पत्राचार गरी उक्त सामान फिर्ता ल्याउनु पर्ने देखिन्छ।<br>च) प्रत्येक शाखामा प्रयोग भएका खर्च भएर नजाने सामानको विवरण तयार पारी जिन्सी | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | उपशाखाले अभिलेख राखेको पाइएन । उक्त सामानको विवरण तयार पारी प्रत्येक शाखा/उपशाखाको कक्षमा टाँस गरी उक्त शाखा/उपशाखा प्रमुखको जिम्मा लगाउने, खरिद भएको वर्ष र जिन्सी दाखिला नं जिन्सी सामानमा उल्लेख गरी जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ५९. | **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा केन्द्रीय अनुदानसमेत बाट गरेको जम्मा खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>जम्मा खर्च: ८१५४४५४४१; आन्तरिक आय: ८६,८४८,७३६; आन्तरिक आय प्रतिशत: १०.६५ प्रतिशत<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा भएको कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.६५ प्रतिशत मात्र रहेको छ । नगरपालिकाले पार्किङ शुल्क, सिनेमा डकुमेन्ट्री, रेडियो एफ एम बाट राजस्व संकलन गर्ने लक्ष्य राखेकोमा आम्दानी भएको देखिएन । नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै प्रशासनिक खर्च व्यवस्थापन गर्नु पर्ने देखिन्छ । | |
| ६०. | **आम्दानी अभिलेखः** नगरपालिकाले वडाबाट प्राप्त हुनपर्ने सबै आय समयमै प्राप्त भएको यकिन गरी राख्नु पर्दछ । विज्ञापन कर वापत आकृति एडभरटाईजिङ विराटनगरसंग यो वर्षको लागि गत वर्षको कर रु १,११,१०० मा दश प्रतिशत थप गरी रु.लिने कार्यपालिकाले निर्णय गरेकोले यो वर्ष रु.१,२२,२१०।- कर संकलन गर्नु पर्नेमा उक्त फर्मले यो वर्ष रु. ६२,०००।- र आ.व. २०७६।४।६ मा रु.२०,२१०।- समेत जम्मा रु.८२,२१०- मात्र दाखिला गरेको देखिन्छ । बाँकी रु.४०,०००।- दाखिला गरेको देखिएन । असुल हुन बाँकी रकम असुल गर्नु पर्दछ रु........ | ४०,०००/- |
| ६१. | **जग्गा भाडाः** वार्ड.नं. ९स्थित ४-७-० रोपनी क्षेत्रफल रहेको जग्गा विगत देखि चित्रवन कृषि फर्मले भाडामा लिई प्रयोग गरिरहकोमा कार्यपालिकाकोले विगतको भाडामा १० प्रतिशत थप गरी सम्झौता नविकरण गर्ने मिति २०७५।१।२५ मा निर्णय गरेको देखिन्छ । सो निर्णय अनुसार विगतको भाडादर रु. १,६५,०००।- मा १० प्रतिशत थप गरी १,८१,५००।- भाडा लगाई असुल गर्नु पर्नेमा भाडा असुलीको स्थिति जानकारी हुन सकेन । सो सम्वन्धमा नगरपालिकाले छानविन गरी निर्णय अनुसार भाडा असुल गरेको सुनिश्चित गर्नु पर्दछ रु......................... | १,८१,५००/- |
| ६२. | **मुल्य अभिवृद्धि कर :** यो वर्ष नगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको रत्न नगर नगरपालिका र खैरहनी नगरपालिकाले संयुक्त रुपमा अमानतबाट संकलन तथा बिक्री गरी रु.६,७३,५४८।०० (मु.अ.कर समेत) समेत जम्मा रु. १,५५,१७,१४२।५० आम्दानी गरेको छ । मुल्य अभिबृद्धि कर ऐनको अनुसूची १ मा ढुङ्गा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको मु.अ.कर.छुट दिएको छैन । नगरपालिकाले ढुङ्गा, गिट्टी तथा बालुवाको व्यवसायीक निकासीको लागि छोडपूर्जी दिदा मु.अ.कर. खुलाई नदिएकोले मु.अ.कर समेतको छोडपुर्जी जारी गरेको मानी सो रकम समेतले हुने जम्मा विक्री रु.१,७९,६२,१४८।- को हुने मु.अ.कर रु.२०,६६,४४२।- राजस्व खातामा दाखिला गर्नुपर्नेमा गरेको नदेखएकोले दुवै नगरपालिकाले समन्वयात्मक रुपमा हिसाव गरी राजस्व दाखिला गर्नु पर्दछ रु........... | २०,६६,४४२/- |
| ६३. | **परिमाण नियन्त्रण**ः ठेक्का अवधिमा उत्खनन तथा घाट गद्दीको अनुगमन गरी के कति मात्रामा नदी जन्य पदार्थ उत्खन्न र निकासी भएको हो सोको परिमाणात्मक विवरण राखेको छैन । जसलेगर्दा निकासी भएका सामाग्रीको उत्खनन IEE Report ले निर्धारण र स्वीकृत परिमाणमा भए नभएको एकिन हुन सकेन । परिमाण नियन्त्रण गर्न उचीत उपाय अपनाई नदी जन्य पदार्थको अत्यधिक दोहन नियन्त्रणका साथै उत्खनन् तथा विक्री परिमाण अनुसारको राजस्व संकलन हुने व्यवस्था मिलाउनु पर्दछ । | |
| ६४. | **सवारी दर्ता :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ अनुसार आफनो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा बार्षिक सवारी कर वा आफनो क्षोत्रमा आउने सर्म्पुण सवारीमा तोकिए बमोजिमको कर स्थानीय निकायले उठाउन पाउने व्यवस्था छ । नगरपालिकाले | |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| | सवारी दर्ता तथा नबिकरण वाट यो बर्ष रु.२,००,०००।०० उठाउने लक्ष्य राखेकोमा रु.९,०००।०० मात्र आम्दानि भएको पाइयो । लक्ष्य अनुसार कर असुली नहुनुको कारण खुलाएको छैन । | |
| ६५. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आफनो क्षेत्र भित्रका व्यवसायीहरुलाई तोकिए बमोजिम दर्ता तथा बार्षिक व्यवसाय कर स्थानीय निकायले उठाउन पाउने व्यवस्था छ । यस न.पा.ले व्यवसाय कर वाट यो बर्ष रु १,५०,००,०००।०० उठाउने लक्ष्य रहेकोमा रु १,००,७२,२११।३३ आम्दानि भएको पाइयो । कर असुली प्रभावकारी वनाउनु पर्दछ । | |
| ६६. | **घर नक्सापास :** आ.व. २०७५/०७६ मा नया तर्फ घर नक्सा पास आर.सी.सी.तर्फ ३२६, जस्ता छाना तर्फ ११५ र पुरानो घर नक्सापास तर्फ आर.सी.सी. १४०, जस्ताछाना ४९ समेत गरी जम्मा ६३० घर नक्सापास गरेकोमा २२२ अर्थात ३५.२३% ले मात्र निर्माण सम्पन्न प्रमाणपत्र लगेको देखिन्छ । नियमित अनुगमन गरि निर्माण सम्पन्न प्रमाणपत्र लिन लगाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६७. | **बिभाज्य कोषः** विभाज्यकोषमा जम्मा भएको रकम समयमै बाडफाँड गरी सम्वन्धित सञ्चितकोष दाखिला गरी आर्थिक वर्षको अन्त्यमा खाता शून्य बनाउनु पर्नेमा विभाज्य कोषमा वर्षान्तमा रु. १,०५,३१,५३२।- मौज्दात रहेको देखियो । सोमध्ये २०७६।५।१८मा रत्ननगर नगरपालिका र खैरहनी नगरपालिकालाई रु.४९,८०,३२७।४४ को दरले रु.९९,६०,६५४।८८ बाँडफाँड गरी रु.५,७०,८७७।१२ मौज्दात रहेको देखिन्छ । विभाज्य कोष तर्फको रकम समयमै बाँडफाँड गरी प्रदेश सञ्चितकोषमा समेत समयमै पठाउने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ । | |
| ६८. | **कोष सञ्चालनः** नगरपालिकामा साविकदेखि सञ्चालनमा रहेको देहायका कोषहरु व्यवस्थापन तथा सञ्चालनको लागि कानून निर्माण गरेको देखिएन । यो वर्ष प्रकोप व्यवस्थापन कोषमा रु.३,००,०००।- थप गरेको भए तापनि अन्य कोषमा रकम थप गरेको देखएन । स्थापित कोषहरुको सञ्चालनको लागि थप वजेट तथा आवश्यक कानून तयार गरी व्यवस्थित सञ्चालन गर्नु पर्दछ । | |

| विवरण | गत वर्षको जिम्मेवारी | यो वर्षको आम्दानी | खर्च | बाँकी |
|---|---|---|---|---|
| नगरपालिका विकास कोष | १०४०८६९.९७ | ०.०० | ०.०० | १०४०८६९.९७ |
| प्रकोप व्यवस्थापन तथा मर्मत संभार कोष | ११५४४३०.०० | ३०००००.०० | ०.०० | ०.०० |
| कर्मचारी कल्याण कोष | १५३८४६९.८३ | ९५८.९१ | ०.०० | १५३९४२८.७४ |
| **जम्मा रु** | **३७३३७६९.८०** | **३००९५८.९१** | **०.००** | **२५८०२९८.७१** |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|
| ६९. | **नगरपालिका विकास कोषः** गत आ.व. ०६८/०६९ आषाढ मसान्तमा यस न.पा.को खर्च खाता ग–२–३/०१ लाई रु.४,५०,०००।०० (अक्षेरुपी : चार लाख पचास हजार मात्र) सापटी दिइएको तर हालसम्म उक्त रकम फिर्ता वा सोधभर्ना नभएको । २०६५ साल देखि यस कोषबाट विविध कार्यक्रममा लगानी गरेको पाइयो । तर असुली प्रभावकारी रुपमा भएको पाइएन । ऋण लगानी गरेका व्यक्तिहरुलाई अविलम्ब पत्राचार गरी सावाँ/ब्याज तथा जरिवाना सहित असुलउपर गर्नुपर्ने देखिन्छ । साथै नगरपालिका विकास कोष खाताको बैंक नगदी किताबमा आय-व्यय अभिलेख समेत राखी कोषको हिसाव दुरुस्त वनाउनु पर्दछ । | |
| ७०. | **पेश्की :** सार्वजनिक खरिद नियमावली २०६४ को दफा ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की भुक्तानी र पेश्की फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । यो वर्ष देहाय बमोजिमका निर्माण व्यवसायीलाई पेश्की उपलब्ध गराएकोमा आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु | ५२,६०,७३०/- |

| सि.न. | नाम | कामको विवरण | पेश्की रकम |
|---|---|---|---|
| **क** | **कर्मचारी तर्फ** | | |
| १. | असोक भुसाल | तालिम | २२५००० |
| २. | राजन मलि | तलव वीमा | २०००० |
| ३. | कौशिला मलि | तलव वीमा | २०००० |
| ४. | रामकुमार स्यांङतान | सञ्चार र विविध खर्च | ६०००० |
| ५. | हिमाल खडका | विविध,,वीमा नविकरण | १७०००० |

| सि.नं. | गो.भौ.नं. र व्यहोरा | रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ६. | सुर्य प्रसाद ढुंगेल | अवलोकन भ्रमण | १७७० |
| ७. | कुमार नेपालि | सवारी मर्मत | ३०००० |
| ८. | राधा पौडेल लम्साल | वालवालिका समन्वय | २२१०० |
| **ख** | **कार्यकम तर्फ** | | |
| ९. | इन्द्रलाल न्यौपाने | तालिम पुस्तिका छपाई | ९७८६० |
| १०. | बकुलहर मा.वि. | विद्यालय भवन निर्माण | ९००००० |
| ११. | आधारभुत मा.वि. माधबपुर | विद्यालय भवन निर्माण | ३५०००० |
| १२. | अनामनगरटोल आदर्शटोल नाला निर्माण उ.स | नाला निर्माण | ५००००० |
| १३. | हात्तिचोक टेलिफोनटावर चोक कालोपत्रे उपभोक्ता समिति | सडक निर्माण | ५७५००० |
| १४. | मालपुर टोल कालोपत्रे उपभोक्ता समिति | मालपुर टोल कालोपत्रे | २७५००० |
| १५. | मनकामना कन्ट्रयाक्टरर्स एण्ड विल्डर्स | सडक निर्माण | ७६४००० |
| १६. | पन्चकन्या सामुदायीक वन उ.स. | वनसंग साझेदी | ५००००० |
| १७. | प्रतिक मार्ग बाटो उपभोक्ता समिति | वाटो निर्माण | ३००००० |
| १८. | पि.के. निर्माण सेवा | सडक निर्माण | ४५०००० |
| | **कुल जम्मा** | | ४७११८६० |

७१. **कन्टेन्जेन्सी तर्फः** स्थानीय सरकार संचालन ऐन २०७४,सार्बजनिक खरिद नियमावलि २०६४ को उपनियम ६४ अनुसार न.पा.ले योजनाहरुको लागत अनुमान स्वीकृत गरी सम्झौता बमोजिमको रकम भुक्तानि गर्दा ३ प्रतिसत का दरले कन्टेन्जेन्सि बापतको रकम लिने गरेको पाइयो । यो वर्ष कन्टेन्जेन्सि बापतको रकम रु ९५,१९,३९२।६२ कट्टा गरिएकोमा बैंक दाखिला प्राप्त्त विवरण अनुसार रु ४३,५४,२८९।९० र खर्च रु ५१,६५,१०२।७२ भएको बिवरण उपल्वध भएको छ । तर कन्टेन्जेन्सि दाखिला संचीत कोष खातामा २०७६ अषाढ मसान्त सम्ममा जम्मा भएको पाइएन । जुन प्रयोजनमो लागी कन्टेन्जेन्सि रकमको व्यवस्था गरिएको छ सो प्रयोजनमा खर्च नभइ दै.भ्र.भ.,बैठक भत्ता,अन्य अनुगमन भत्ता तथा अन्य विविध शिर्षकमा खर्च गरेको पाईयो । कट्टा गरिएको रकम खर्चको सिमा र शिर्षक बांडफांड गरि नगर सभा वाट पारित गरि मात्र खर्च गर्नु पर्नेमा सो नगरिएको व्यहोरा आन्तरिक लेखापरीक्षणबाट समेत औल्याईएकोमा सुझव कार्यान्वयन भएको देखिएन ।

७२. **सम्परीक्षणः** नगरपालिकाले आ.व. २०७४।७५ को देहायअनुसारको वेरुजू फछ्यौट गरी सम्परीक्षणको लागि पेश गरेको मध्ये देहायका वेरुजूहरु सम्परीक्षण गरिएको छः

| दफा | व्यहोरा | फर्यौटको व्यहोरा | रकम |
|---|---|---|---|
| ६.२ | नारी जागरण केन्द्रको खर्चको विल भरपाई प्राप्त नभएको | विल भरपाईका पेश | ९८,५००/- |
| | | जम्मा | ९८,५००/- |

**अनुसूची -१**

# रत्ननगर नगरपालिकाको स्थानीय सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | रत्ननगर नगरपालिका | चितवन | २८२०६ | १८९२१३ | ४५०४६८ | ३१२९६५ | ९५२६४६ | ४९७५८९ | २८९७५९ | ३०२४० | ८१७५८८ | १६३२६४ |

**अनुसूची- २**

# बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गनुंपर्ने | नियमित गनुंपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| | चितवन | रत्ननगर नगरपालिका | ३९ | ३८ | ५२३०५ | ० | ४ | ६९३४ | ३९ | ३४ | ४५३७१ | २८०९ | १५३३२ | २१९६९ | ० | ० | ३७३०१ | ५४९ | ४७१२ | ५२६१ |

**अनुसूची- ३**

# अद्यावधिक बेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| स्थानीय तह | जिल्ला | गत वर्षसम्मको बाँकी | यो वर्ष फछ्र्यौट | बाँकी | योवर्ष सम्परीक्षणबाट कायम | यो वर्षको वेरुजू | कूल बाँकी बेरुजू |
|---|---|---|---|---|---|---|---|
| रत्ननगर नगरपालिका | चितवन | ९७००९ | ९९ | ९६९१० | ० | ४५३७१ | १४२२८१ |